जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

विषादीको प्रयोग भएको खाद्यवस्तु, फलफूल एवं तरकारीको उपभोगबाट प्यारालाइसिस, हृदयघात तथा मृत्युसमेत हुनसक्ने भएकोले त्यस्ता वस्तुको उपभोगमा सावधानी अपनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ • अंक ६७ • २०८० साल साउन १० गते बुधबार (26 July, Wednesday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

## ममाथि मिडिया ट्रायल भयो : डा.राणा



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसकी केन्द्रीय सदस्य समेत रहेकी सभापति शेरबहादुर देउवा पत्नी डा. आरजु राणा देउवाले नक्कली भुटानी शरणार्थी प्रकरणमा आफूमाथि 'मिडिया ट्रायल' गरिएको दुखेसो पोखेकी छन् ।

नक्कली भुटानी शरणार्थी छानबिन प्रकरणमा नाम जोडिएपछि आक्रोशित बनेकी राणाले मिडियाबाट आफूलाई अन्याय भएको आरोप लगाएकी छन् ।

नेपाली कांग्रेस मधेश प्रदेश कार्यालयमा मंगलबार आयोजित पत्रकार तथा पार्टी कार्यकर्ता भेटघाट कार्यक्रममा डा.राणाले सूचना र सञ्चारको युगमा मिडियाको भूमिका महत्वपूर्ण हुने भए पनि कहिलेकाहीँ मिडिया ट्रायलको नाममा व्यक्तिमाथि आक्रमण हुनेस्थिति सृजना हुनु चिन्ताको विषय भएको बताइन् ।

'कहिलेकाहीँ मिडियाबाटआक्रमण पनि हुन्छ ' उनले भनिन् नक्कली भुटानी शरणार्थी प्रकरणमा ममाथि पनि त्यही भयो ।' 'यस प्रकरणमा सयौं टेपमध्ये एउटामा मेरो नाम लिइएको रहेछ 'डा.देउवाले आफ्नो बचाउ गर्दै भनिन्, त्यसैलाई उछालियो । टेपमा बोल्ने व्यक्तिले समेत उहाँलाई चिन्दिन र बोल्न लगाइएको हो भन्दाभन्दै पनि ममाथि मिडिया ट्रायल गरियो ।'

कार्यक्रममा मधेश प्रदेशका सभापति एवं प्रदेश सरकारमा भौतिक पूर्वाधार विकास मन्त्री कृष्ण प्रसाद यादव, नेता रामहरि खतिवडा ,स्वास्थ्य तथा जनसंख्यामन्त्री वीरेन्द्र सिंह, प्रदेश सभा सदस्य शेषनारायण यादव, कुमरकान्त झा लगायतका नेता कार्यकर्ताहरुको सहभागिता रहेको थियो ।

### सत्तासीन गठबन्धन ६ दलको काउण्टर जुलुस
## आजपा अध्यक्ष साहलाई पक्राउ गर्न प्रधानमन्त्रीलाई ज्ञापन

**राकेश यादव**

गौर । सत्तासीन गठबन्धनमा सहभागी ६ दलद्वारा मंगलबार आम जनता पार्टी( आजपा)का अध्यक्ष एवं सांसद प्रभु साह विरुद्ध गौरमा प्रदर्शन गरिएको छ ।

साउन १ गते सांसद साहले गौर राइस मिल हत्याकाण्डका दोषी जनता समाजवादी पार्टी( जसपा)का अध्यक्ष उपेन्द्र यादवलाई बताउँदै कारबाहीको माग गरेका थिए ।आजपाका कार्यकर्ता र समर्थकहरुले नगरमा प्रदर्शन गर्दै यादव विरुद्ध मुद्दा लगाउन माग गरेका थिए ।

गौर हत्याकाण्डलाई ब्यूताउन साहले काठमाण्डुसम्म विरोध प्रदर्शन गरेपछि ६ दलीय गठबन्धनले मंगलबार गौरमा 'काउण्टर जुलुस' गरेका छन् ।

मधेश आन्दोलनको क्रममा १७ वर्ष पूर्व २०६३ साल चैत ७ गते गौर राइस मिलको प्रांगणमा उपेन्द्र यादवको नेतृत्वको तत्कालीन मधेशी जनाधिकार फोरम नेपालले आयोजना गरेको आम सभा विथोल्ने उद्देश्यले तत्कालीन नेकपा माओवादी निकट राष्ट्रिय मधेशी मुक्ति मोर्चाका संयोजक साहले सुनियोजित रुपमा आक्रमण गराएको आरोप प्रदर्शनकारीहरुले लगाएका छन् ।

प्रदर्शनकारीहरुले आत्मरक्षाका लागि गरेको प्रतिकारमा २७ जना माओवादीको मृत्यु भएको थियो ।सो घटनाको दोषी यादवलाई ठहऱ्याउदै साहले कारबाहीको माग सहित विरोध कार्यक्रम गर्दै आएका छन् ।




माओवादीको हाईकमाण्डलाई जानकारी नै नगराई साहले गोप्य रुपमा सो घटना गराएको आरोप माओवादी भित्र लागेको थियो । शान्ति प्रकृयामा आइसकेका माओवादीले सो घटनाको विषयमा ठूलो विरोध जनाएको थिएन् ।

तत्कालीन इञ्चार्ज साह हाल माओवादी छाडेर एमाले हुँदै हाल आफ्नै नेतृत्वमा आजपा दर्ता गरेका छन् ।तर मूलधारका माओवादीले उनलाई सो घटनाको दोषी मान्दै विरोधमा उत्रेको छ ।माओवादीले गौर राइस मिल घटनाका मुख्यदोषी साहलाई नै मानेर कारबाही गर्न सुरु गरिएको विरोध कार्यक्रमको अग्रमोर्चामा रहेको छ ।

तर गत आमनिर्वाचनमा साहलाई चुनावमा माओवादीले सघाएको थियो ।पराजयको मुखमा पुगेका साहलाई माओवादीले आफ्नो पार्टीमा भित्र्याउने आश गरेर सघाएका थिए ।माओवादीकै सहयोगमा उनी स्वतन्त्र सांसदको रुपमा चुनाव जिते । विगतमा माओवादी केन्द्रबाट नै चुनाव जितेका थिए ।उनकी पत्नी रिना साह लगातार दोस्रो कार्यालयका लागि मौलापुरका मेयर छिन् ।

सत्तासीन दलहरुले गरेको प्रदर्शनमा नेपाली कांग्रेस, माओवादी केन्द्र, नेकपा एस, जसपा, लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा) र जनमत पार्टीको सहभागिता रहेको थियो ।जनमत पार्टी मधेश प्रदेश सरकारमा छ ।

गौर राइस मिल परिसरबाट निस्केको बृहत विरोध रैली गौर हत्याकाण्डका मुख्य योजनाकार प्रभु साहलाई कारबाही गर , हिन्दूवादी नेता काशीनाथ तिवारी , कुश्ती खिलाड़ी उपेन्द्र दास बैरागी ,शिक्षक सुनील यादवको हत्या गराउने हत्यारालाइ क़ानुनी दायरामा ल्याउ भन्दै चर्को नाराबाजी गरेका थिए ।

विरोध ऱ्याली जिल्ला प्रशासन कार्यालयको मूलद्वारमा गएर प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रलाई ज्ञापनपत्र बुझाएको संघर्ष समितिका प्रवक्ता रामेश्वर प्रसाद यादवले जनाएका छन् ।

ज्ञापनपत्र बुझाएपछि आयोजना गरिएको कोण सभामा बोल्दै कांग्रेसका जिल्ला सभापति एवं प्रदेश सांसद सुनील कुमार यादवले रौतहटमा प्रभु साहको निर्देशनमा भएको हत्याको छानबिन हुनु पर्ने मांग गरे । राजनीतिक रुपमा गौर हत्याकाण्डको आरोप लगाएर दर्ता गरिएको मुद्दा खारेज गर्नुपर्ने लगायतका माग गरे ।

पूर्व प्रदेश सांसद राम किशोर यादवको अध्यक्षतामा सम्पन्न भएको विरोध सभामा पूर्व प्रदेश राज्य मंत्री योगेंद्र यादव , प्रदेश सांसद शोभा देवी साह , नेकपा एकीकृत समाजवादीका बृज किशोर यादव , रेवंत झा , लोसपाका अनिल कुमार सिंह , जनमत पार्टीका अशोक कुमार सिंह, नेकपा माओवादी केन्द्र लगायतका नेताले साह गौर घटनाका मुख्य योजनाकार रहेको आरोप लगाए ।उनलाई कानुनको दायरामा ल्याएर कडा कारबाही गर्नुपर्ने वक्ताहरुले माग गरे ।

## विवरण नवुझाउनेलाई १५ हजार जरिवाना
## मधेश प्रदेशका पीएदेखि मन्त्रीसम्म दण्डित

**संजीवकुमार झा**

जनकपुरधाम । मधेश प्रदेश सरकारका वर्तमान मन्त्रीदेखि निवर्तमान मन्त्री र स्वतन्त्र गरी कुल ७ सय २७ जनालाई निर्वाचन आयोगले १५ हजार रुपैयाँ जरिवाना तोकेको छ ।

निर्वाचन आयोगले मंगलबार सार्वजनिक गरेको नामावलीमा मधेश प्रदेश सरकारका बहालवालादेखि निवर्तमान मन्त्रीसम्मसमेत १५ हजारको जरिवानामा परेका छन् ।

उनीहरुले सम्पन्न निर्वाचनको खर्च विवरण निर्वाचन आयोगमा नबुझाएका कारण उनीहरुलाई जरिवाना तोकिएको निर्वाचन आयोगले जनाएको छ ।

जरिवाना तोकिएकोमा मधेश प्रदेश सरकारका वर्तमान भौतिक पूर्वाधार विकास मन्त्री कृष्णाप्रसाद यादव, स्वास्थ्य तथा जनसंख्यामन्त्री वीरेन्द्र सिंह लगायत निवर्तमान अर्थमन्त्रीद्वय विजयकुमार यादव र शैलेन्द्रप्रसाद साह रहेका छन् ।

निर्वाचन आयोगले जारी गरेको नामावलीमा सप्तरीबाट तुलसी प्रसाद चौधरी (लोसपा), सकिल अलि मिया (जनमत) शैलेन्द्रप्रसाद साह (जसपा), गजेन्द्रकुमार मण्डल (लोसपा), नागेन्द्र पासवान (जनमत), केशव राज गुप्ता (जनमत) गरी ८३ जनालाई १५ हजार जरिवाना गरिएको छ ।

त्यस्तै,सिरहाबाट राजेन्द्र प्रसाद चौधरी थारु (नेकपा एमाले), सुनिलकुमार महतो (नेपाली कांग्रेस) राजकुमार गुप्ता (जसपा), विजयकुमार यादव (जसपा), रेणुकुमारी यादव (जसपा), प्रकाश महासेठ (नेकपा एमाले), सुरेशकुमार मण्डल (जसपा) ररामबाबु यादव (लोसपा) गरी ८१ जनालाई १५ हजार रुपैयाँ जरिवाना तोकेको छ ।

धनुषामा संजयकुमार सिंह (लोसपा), शैलेन्द्रकुमार यादव (जसपा), संजीवकुमार सुरज (नेकपा एमाले), श्यामकुमार यादव (माओ केन्द्र), ज्ञानेन्द्रकुमार यादव (जसपा), चन्देश्वर महतो (जसपा) र शत्रुधन महतो गरी ६४ जनालाई १५ हजार रुपैयाँ जरिवाना गरिएकोछ ।

जसपाबाट ज्ञानेन्द्र यादव लालबाबु राउत नेतृत्वको सरकारमा आन्तरिक मामिला तथा कानुन मन्त्री थिए भने चन्देश्वर महतो वर्तमान मुख्यमन्त्री सरोजकुमार यादवका प्रमुख स्वकीय सचिव (पिए) छन् ।

> जरिवाना तोकिएकोमा मधेश प्रदेश सरकारका वर्तमान भौतिक पूर्वाधार विकास मन्त्री कृष्णाप्रसाद यादव, स्वास्थ्य तथा जनसंख्यामन्त्री वीरेन्द्र सिंह लगायत निवर्तमान अर्थमन्त्रीद्वय विजयकुमार यादव र शैलेन्द्रप्रसाद साह रहेका छन् ।

त्यस्तै, महोत्तरीमा शारदा देवी थापा (नेकपा एमाले), राशलाल सिंह (जनमत), पिताम्बर महतो (लोसपा), सुरेशबहादुर राउत (नेकपा एस), राम श्रेष्ठ महतो (जसपा), संजयकुमार साह (जनमत), जयलुन राइन (लोसपा), धर्मेन्द्रकुमार साह तेली (जसपा), मंजुकुमारी यादव (नेकपा एस), नागेश्वर यादव (नेकां), रामदयाल मण्डल (नेकपा एमाले), रानीकुमारी तिवारी (लोसपा), कौशलकुमार यादव (लोसपा), सरोजकुमार सिंह (जसपा), लालेन्द्रकुमार मण्डल (माओ केन्द्र) १ सय ४० जनालाई जरिवाना तोकिएकोछ ।

त्यस्तै,सर्लाहीमा अमद मिया मुकेरी (जसपा), शान्तीकुमारी लामा (नेकपा एमाले), बेची लुङ्गेली (नेकपा एस), जंगीलाल राय (नेकां), किशुन देव राय (नेकपा एमाले), सुनिलकुमार शाह (माओ केन्द्र), कौशल किशोर राय (नेकां), अशोकुमार यादव (जसपा), गणेशप्रसाद प्रसाई (नेकपा एमाले), डिल्ली प्रसाद उप्रेती (नेकपा एस), हरेशप्रसाद महतो (नेकां), सत्रुधन साह सोनार (जनमत), संजयकुमार यादव (जसपा), वीरेन्द्र प्रसाद सिंह (नेकां), रामबाबु राय (नेकपा एमाले), उदयकान्त मिश्र (जसपा) र फकिरा महतो (माओ केन्द्र) गरी १ सय १३ जनालाई जरिवाना तोकिएकोछ ।

त्यस्तै, रौतहटमा नागेन्द्र साह (नेकां), कृष्णप्रसाद यादव (नेकां), दिनेशकुमार यादव (जनमत), शेख जमसैद (लोसपा), शेख अव्दुस सलाम (जनमत), सुरेन्द्र प्रसाद जयसवाल (माओ केन्द्र), नागेन्द्र राय यादव (नेकपा एस), सुनिलकुमार यादव (नेकां), धर्मेन्द्रकुमार गुप्ता (जनमत), बालकृष्ण श्रेष्ठ (नेकपा एस), रामप्रवेश राय यादव (जनमत), शेख अव्दुलकलाम अजाद (जसपा) र शेख सतार अहमद (नेकपा एस) गरी ९१ जनालाई जरिवाना गरिएको छ ।

बारा जिल्लामा निर्वाचन आयोगले नागेन्द्रप्रसाद कानु (नेकां), सीताराम प्रसाद नेपाली (जनमत), बतहुराय यादव (नेकपा एस), बलवीर प्रसाद चौधरी (नेकपा एमाले), मोतीलाल प्रसाद (लोसपा), गजानन्द प्रसाद यादव (जनमत), मदनप्रसाद साह (जनमत), भरतबहादुर खडका (जसपा) गरी ७७ र पर्सामा ७१ जनालाई १५ हजार रुपैयाँ जरिवाना तोकेकोछ ।

जरिवाना तोकिएका उम्मेदवारले ३५ दिनभित्र राजस्व दाखिला गरी सोको भौचर सहितको निवेदन निर्वाचन आयोग वा सम्बन्धित निर्वाचन कार्यालयमा पेश गर्न आदेश दिने निर्णय पनि भएको छ ।

निर्वाचन खर्चको विवरण सात दिनभित्र सार्वजनिक गरी सोको जानकारी सम्बन्धित निर्वाचन कार्यालयमा सात दिनभित्र निवेदनसहित पेश गर्न पुनः आदेश दिने निर्णय पनि भएको आयोगले मंगलबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

साथै, जरिवाना बापतको रकम तोकिएको समयभित्र नबुझाउने उम्मेदवारहरूलाई तत्काल हुने एक निर्वाचनमा भाग लिन नपाउने गरी रोक लगाउने र जरिवाना बापतको रकम सरकारी बाँकी सरह असुल उपर गर्न केन्द्रीय तहसिल कार्यालयमा लेखी पठाउने निर्णय पनि भएकोछ ।

निर्वाचन आयोगले मधेश प्रदेशमा ७ सय २७ जनालाई १५ हजारको दरले जरिवाना गर्दा १ करोड ९ लाख ५ हजार जरिवाना लिने भएको छ ।

SEE/SLC पछि Dental Science मा
भर्ना खुल्यो
नेपाल डेन्टल हस्पिटल एण्ड टेक्निकल रिर्सच इन्सिच्युट प्रा.लि.
जनकपुरधाम-७, धनुषा
CTEVT बाट सम्बन्धन प्राप्त विश्वविद्यालयहरुबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हॉस्पिटल एण्ड टेक्निकल रिसर्च ईन्सिच्युट प्रा.लि.मा शैक्षिक सत्र २०८०/८१ मा
Certificate in Dental Science (Dental Hygienist)
(३ वर्षे) कोर्षमा भर्ना खुल्यो ।



फाराम भर्ने अन्तिम मिति : २०८०/०४/१२
प्रवेश परीक्षा मिति : २०८०/०४/२४ बिहान ८:०० बजे
विस्तृत जानकारीका लागि
NEPAL DENTAL HOSPITAL & TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हॉस्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851



# उत्खनन् गरी बेचबिखन गर्न अनुमति लिनुपर्ने

**रञ्जन यादव**

कलैया । बाराको जीतपुर सिमरा उपमहानगरपालिका क्षेत्रमा आफ्नै निजी जग्गामा रहेको माटो तथा वालुवा उत्खनन् गरी बेचबिखन गर्न उपमहानगरपालिकासंग अनुमति लिनुपर्ने भएको छ ।

माटो तथा वालुवा उत्खनन् गरी बेचबिखन गर्नुपरे उपमहानगरलाई सूचना दिइ प्राविधिक जाचपास गराइ राजस्व बुझाउनुपर्ने सूचनामा उल्लेख गरिएको छ ।



जीतपुरसिमरा उपमहानगरपालिकाको आर्थिक ऐन २०८० को अनुसूची १४ मा तोकिएको उक्त परिणाम बराबरको राजस्व उपमहानगरपालिकामा बुझाएर अनुमति लिएर मात्र बिक्री वितरण गर्न जीतपुरसिमरा उपमहानगरवासीसंग अनुरोध गरेको छ ।

उपमहानगरसंग बिना अनुमति लिएर निजी जग्गाको माटो तथा वालुवा उत्खनन् गरी बेचबिखन गरेको भेटिएमा नियमानुसार जरिवाना हुने उपमहानगरपालिकाको नगर प्रमुख राजन पौडेलले जानकारी दिए ।

# करेन्ट लागेर एकको मृत्यु

**टुडे समाचारदाता**

राजविराज । सप्तरीमा करेन्ट लागेर एक युवकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा राजगढ गाउँपालिका वडा नंम्बर-६ जगाई टोल बस्ने ३५ वर्षीय उमेश मण्डल रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । मोटरबाट पानी तानेर खेतमा लगाउने क्रममा मण्डललाई करेन्ट लागेको थियो ।

उनलाई करेन्ट लागेपछि उपचारका लागि तत्कालै गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा भर्ना गरिएकोमा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक नरेशकुमार सिंहले जानकारी दिए ।घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# सडक कालोपत्रे

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको मलङ्गवामा बजार क्षेत्रको मुख्य सडक लामो प्रतीक्षापछि कालोपत्रे हुँदा स्थानीय खुशी भएका छन् ।

सडक फराकिलो बनाएर मलङ्गवाको कृष्णामणि माध्यमिक विद्यालयदेखि राजश्री सिनेमा हलसम्मको सडक कालोपत्रेपछि आवतजावतमा सहज भएको छ ।

सडकको मापदण्डमा पर्ने घर तथा अन्य संरचना हटाउन नसक्दा मलङ्गवा बजार क्षेत्रको मुख्य सडक कालोपत्रे हुन नसकी अलपत्र अवस्थामा थियो । नगरप्रमुख नागेन्द्रप्रसाद यादवले सडकमा पर्ने आफ्नै घर भत्काएर 'साइड क्लियर' गरेपछि स्थानीयले समेत आ-आफ्नो घर र अन्य संरचना भत्काउन सहयोग गर्नासाथ कालोपत्रेको काम पूरा भएको छ ।

मलङ्गवा नगरपालिका-८ का स्थानीय रवीन्द्र जैसवालले सडक फराकिलो पारेर कालोपत्रे गरिएसँगै आउजाउमा सहजता भएको बताए ।

'यसअघि सडक असाध्यै साँघुरो र धुलाम्य हुँदा बजार क्षेत्र निकै कुरूप देखिन्थ्यो । अहिले कालोपत्रे भएपछि फराकिलो र केही



व्यवस्थित बनेको देखिन्छ,' जैसवालले भने, 'पैदलयात्रीलाई हिँडडुल गर्न तथा गाडीघोडा चलाउन पनि सहज भएको छ ।'

सडक कालोपत्रे भएपछि सडक छेउछाउ घर भएका स्थानीय र व्यापारीले धुलोबाट मुक्ति पाएका छन् । सदरमुकाम भएर पनि मलङ्गवाको सडक व्यवस्थित हुन नसकेको गुनासो आइरहन्छ ।

मलङ्गवा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गेहनाथ गौतमले सङ्घीय आयोजना कार्यान्वयन इकाई जनकपुरमार्फत मुख्य बजार क्षेत्रको सडक कालोपत्रे गरिएको जानकारी दिए ।

'सघीय सरकारको क्रमागत बजेटबाट सडक कालोपत्रे गरिएको छ,' प्रमुख प्रशासकीय अधिकृत गौतमले भने,'हामीले साइड क्लियर गराएर दिएपछि काम भयो, कालोपत्रेको काम पूरा भएपश्चात् नगरको सौन्दर्यतामा समेत टेवा पुगेको छ ।'

अझै केही घर भत्काउने विषयमा विवाद हुँदा नगरपालिका चोक र त्यसआसपासको सडक भने कालोपत्रे हुन सकेको छैन ।

# भीमसेन थापाले मुलुकलाई ठूलो गुन लगाउनुभएको छ : कावा प्रधानमन्त्री खड्का

काठमाण्डु । कार्यवाहक प्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले राष्ट्रिय विभूति भीमसेन थापाले राष्ट्रियता र भौगोलिक अखण्डताको रक्षा तथा सामाजिक रुपान्तरणका पक्षमा ठूलो गुन लगाउनुभएको उल्लेख गर्नुभएको छ ।

राष्ट्रिय विभूति भीमसेन थापा स्मृति प्रतिष्ठानले मंगलबार यहाँ आयोजना गरेको कार्यक्रममा उहाँले भीमसेन थापा राष्ट्रभक्त, देशभक्त हुनुका साथै प्रेरणाका स्रोत भएको विश्वास व्यक्त गर्नुभयो ।

कावा प्रधानमन्त्री खड्काले भन्नुभयो, "थापाको शासनकालमा सेना, कानुन, सामाजिक, आर्थिक पक्षमा अनुकरणीय सुधारका अभियान चलाउनुभएको थियो । सैनिक सेवालाई आधुनिकिरण गर्नुभएको कार्य हाम्राका लागि प्रेरणाको स्रोत बनेको छ । उहाँले सुधारका अभियान थालनी गरेर मुलुकलाई ठूलो गुन लगाउनुभएको थियो ।"

पूर्वजले सुरु गरेका अभियानलाई आफ्नो कार्यकालमा पनि निरन्तरता दिई थापाले देशको सिमानालाई चारैतिर विस्तार गर्नुभएको उहाँले बताउनुभयो । "परिस्थितिवस मुलुकमा आउने अप्ठेरोलाई स्थायित्व दिन कूटनीतिक कौशलताका आधारमा सुगौली सन्धि गरेर मुलुकको सिमालाई स्थायित्व दिनुभयो", कावा प्रधानमन्त्री खड्काले भन्नुभयो ।




तत्कालीन सामाजिक रुपान्तरणका लागि थापाले कमाराकमारी राख्न नपाउने व्यवस्थालाई स्थापित गर्नुभएको, सामाजिक चाडपर्वमा खर्चको सीमा तोक्ने काम गर्नुभएको, नापतौल व्यवस्थापन, ब्याजदर निर्धारण, हुलाकको व्यवथापन गर्नुभएको उहाँले स्मरण गर्नुभयो ।

जग्गा अभिलेख राख्ने बन्दोबस्त पनि उहाँकै शासनकालमा प्रारम्भ भएको उल्लेख गर्दै कावा प्रधानमन्त्री खड्काले समाजमा हुने अनियमितता र भ्रष्टाचार नियन्त्रण गर्न आवश्यक प्रबन्ध गर्नुभएको कार्य प्रेरणाको स्रोत भएको बताउनुभयो ।

भीमसेन थापाले धरहरा, सुन्धारा, बागदरबार, टेकु पुल, थापाथली पुललगायत भौतिक र ऐतिहासिक संरचना निर्माण सम्पन्न भएको उल्लेख गर्दै उहाँले समाज सुधार र विकास प्रेमी कामबाट आफूहरु प्रेरित भएको सुनाउनुभयो ।

ऐतिहासिक काम र शासकीय सुधारका सम्बन्धमा भीमसेन थापाले गर्नुभएको योगदान अतुलनीय रहेको उल्लेख गर्दै उहाँले यसबाट वर्तमान सरकार प्रेरित रहेको बताउनुभयो । "दुभाग्यबस उहाँ सत्ता षडयन्त्रको शिकार हुनुभयो, झुटा आरोप सहन नसकी उहाँले जीवन स्वयं त्याग्ने बाटो रोज्नुभयो", कावा प्रधानमन्त्रीले भन्नुभयो ।

भीमसेन थापाको सच्चा सम्मानका लागि उहाँले देखेका सपना पूरा गर्न सकेन र राष्ट्रियता सुशासन र आर्थिक सामाजिक रुपान्तरणका पक्षमा अहोरात्र खटियौं भने मात्र उहाँप्रति सच्च श्रद्धाञ्जलि हुने कावा प्रधानमन्त्री खड्काले थापाको धारणा थियो ।

कार्यक्रममा राष्ट्रिय आविष्कार केन्द्रलाई रु एक लाख एक हजार एक सय ११ नगदसहित सम्मान गरिएको थियो । कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष प्रा डा पार्थिभेश्वरप्रसाद तिमिल्सिना, सम्मानित संस्था केन्द्रका संस्थापक डा महावीर पुन, प्रतिष्ठानका सचिव लक्ष्मण थापालगायतले भीमसेन थापाको योगदानबारे चर्चा गर्नुभएको थियो । रासस

# फाइबर धागो उत्पादन सम्भाव्यताको अध्ययन

**टुडे समाचारदाता**

कलैया । बारा निजगढमा केराको थामबाट फाइबर धागो उत्पादन गर्ने सम्भाव्यताको अध्ययन हुन लागेको छ ।



निजगढ नगरपालिका, युएनडिपी र हेल्भेटासको सक्रियतामा केराको खेर जाने बोटको थामबाट फाइबर धागो उत्पादन गर्न सम्भाव्यता अध्ययन गरी सुरु गर्न लागेको छ ।

नेपालमै बढी केरा उत्पादन हुने बारामा धागोको रेशा बनाउने बारे छलफल कार्यक्रमको आयोजना गरी जानकारी दिइएको छ ।

युएनडिपीका धनबहादुर चन्द र पूर्णिमा बर्जाचार्यले निजगढमा पहिले पटक फाइबर धागो उत्पादन गर्न सम्भब भएकोले मिलेर काम गर्न सकिने बताए ।

हेल्भेटासका हरि बहादुर गुरुङले किसानलाई फाइबर धागो उत्पादनले थप आम्दानी बढने बताए ।

# अपराधमा संलग्न सबैलाई कारबाहीको दायरामा ल्याउँछौं : गृहमन्त्री श्रेष्ठ

गोरखा । उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले अपराधमा संलग्न सबैलाई कानुनी दायरामा ल्याएरै छोडिने बताउनुभएको छ ।

प्रेस सेन्टर नेपाल गोरखाद्वारा मंगलबार यहाँ आयोजित पत्रकार सम्मेलनमा गृहमन्त्री श्रेष्ठले अपराधका घटनामा कमी ल्याउन प्रहरीले गम्भीर अनुसन्धान गरिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "ठूला, साना जो भए पनि दोषीलाई कानुनी दायरामा ल्याउँछौं ।" तथ्य र प्रमाणका आधारमा मात्र पक्राउ गरी कारबाही पक्रिया अघि बढाइने उहाँको भनाइ थियो ।

त्रिभुन अन्तर्राष्ट्रिय विमानस्थलबाट पछिल्लो पटक भएको सुन तस्करीको घटनामा प्रहरीले गहिरो ढङ्गबाट अनसुन्धान गरिरहेको गृहमन्त्री श्रेष्ठले उल्लेख गर्नुभयो । "जरैसम्म पुग्ने गरी अनुसन्धान गर्न निर्देशन दिएको छु, दोषीलाई कुनै पनि हालतमा उम्कन दिइदैन", उहाँले भन्नुभयो ।

भ्रष्टाचार विरुद्धको अभियान पनि दृढताका साथ अघि बढाइने गृहमन्त्री श्रेष्ठले बताउनुभयो । आम जनताको जीवनस्तरमा परिवर्तन हुनेगरी सम्बृद्धिको आधार तयार पार्न सरकार प्रतिवद्ध भएर लागेको उहाँले उल्लेख गर्नुभयो । पछिल्लो समय सरकारले थालेको भ्रष्टाचारविरुद्धको अभियानले नेपाली समाजमा आशा र विश्वास पैदा गरेको गृहमन्त्री श्रेष्ठले बताउनुभयो ।

विकास र समृद्धिका सवालमासमेत सरकारले समिक्षा गरिरहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "अर्थतन्त्रका सवालमा केही समस्या थिए, त्यसलाई समाधान गर्दै अर्थतन्त्रलाई पनि लयमा ल्याउने काम भइरहेको छ ।" अर्थतन्त्रको गतिलाई तीव्र बनाएर विकासमा फड्को मार्नुपर्ने अहिलको आवश्यकता रहेको मन्त्री श्रेष्ठले बताउनुभयो । रासस

# हराएका ३४६ मोबाइल फिर्ता

चितवन । जिल्ला प्रहरी कार्यालय चितवनले गत आर्थिक वर्षमा हराएका तीन सय ४६ थान मोबाइल फेला पारी सम्बन्धित धनीलाई फिर्ता गराएको छ ।

मोबाइल हराएर प्रहरीमा उजुरी परेकाको खोजी गरी फेला पारिएका मोबाइल फिर्ता गरिएको हो । जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी नायब उपरीक्षक विजयराज पण्डितका अनुसार मोबाइल फेला पारेर नयाँ सिम राखेपछि मोबाइल पत्ता लाग्ने गरेको छ । पत्ता लागेका मोबाइललाई सम्बन्धित धनीलाई बुझाइएको उहाँले जानकारी दिनुभयो ।

साउन महिना लागेपछि मात्रै २१ थान मोबाइल फेला पारी सम्बन्धित धनीलाई फिर्ता गरिएको छ । चोरी भएका मोबाइल भने मुद्दा दर्ता गरेर चोरी गर्ने व्यक्तिलाई कारबाही गर्ने गरिएको उहाँको भनाइ छ । रासस

# गत आवमा रु ७८ करोडको सिमेन्ट निर्यात

काठमाण्डु । गत आर्थिक वर्ष २०७९/८० मा नेपालबाट रु ७८ करोड बराबरको सिमेन्ट निर्यात भएको छ । भन्सार विभागका अनुसार गत आवमा तीन सिमेन्ट उद्योगले रु ७७ करोड ९३ लाख ६ हजार बराबरका १० लाख चार हजार २३ टन सिमेन्ट निर्यात भएको छ ।

विभागका अनुसार गत आवमा रु ३५ करोड ८९ लाख ५१ हजार बराबरको छ लाख सात हजार ७३ मेट्रिक टन सिमेन्ट र रु ४२ करोड तीन लाख ५५ हजार बरारबरका तीन लाख ९६ हजार ९५० मेट्रिक टन क्लिङ्कर निर्यात भएको छ ।

हाल पाल्पा, अर्घाखाँची र बालाजी गरी तीन सिमेन्ट उद्योगले भारतमा सिमेन्ट निर्यात गरिरहेका छन् । साथै अन्य उद्योग निर्यातको तयारीमा छन् । गत असार २४ गतेदेखि पाल्पा सिमेन्टको 'तानसेन' ब्राण्ड भारततर्फ निर्यात सुरु भएको थियो । साथै असोज ३१ गतेदेखि अर्घाखाँची र जेठ २९ गतेदेखि बालाजी सिमेन्टले 'बाहुबली' र 'श्रृष्टी' ब्राण्डमा पिपिसी सिमेन्ट निर्यात सुरु गरेका थिए ।

सरकारले सिमेन्ट र स्टीललगायत सामान निर्यातमा आठ प्रतिशत अनुदान र वार्षिक रु १० करोडभन्दाबढीको विद्युत् खपत गर्ने उद्योगलाई दुईदेखि १५ प्रतिशतसम्म महसुलमा छुट दिने घोषणा गरेपछि नेपाली सिमेन्ट उद्योगीले निर्यात सुरु गरेका हुन् ।

सरकारले गत आर्थिक वर्षको बजेटमा छुटको घोषणा गरेसँगै नेपाली तीन समेन्ट तथा एक स्टील उद्योगले निर्यात गरेका हुन् । सिमेन्ट उत्पादक सङ्घले भारत सरकारबाट सिमेन्ट निर्यातमा गुणस्तर प्रमाणपत्रको पर्खाइमा धेरै सिमेन्ट उद्योग रहेको सङ्घले जनाएको छ । रासस

## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८०/०३/१८ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : रोशन कापर**
**सिम्बोल नं.: २१७०३९८१**
**रजिष्ट्रेशन नं.:७८२१७०१७०५९०**
**ठेगाना:जि.म. बर्दिबास न.पा.-७**
**मो.नं.९८२७६८५८५१**

## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८०/०३/१३ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।


**नाम :मनोज कुमार महतो**
**सिम्बोल नं.: २१७०१९७२**
**रजिष्ट्रेशन नं.:७७१७१३३५१**
**ठेगाना:जि.म. मटिहानी न.पा.-४**
**मो.नं.९८०४८०७६३७**

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | शिक्षामा उन्नति । |
| बृष | धन बृद्धि सञ्चय । |
| मिथून | पारिवाहिक सुख । |
| कर्कट | भ्रमण अवसर हुने । |
| सिंह | वाद विवादबाट बच्नु । |
| कन्या | नयाँ कार्य हुने । |
| तुला | सुख समृद्धि हुने । |
| वृश्चिक | प्रेम प्रसंग, मित्र सुख । |
| धनु | बौद्धिक क्षमता । |
| मकर | प्रतिभा सम्पन्नता । |
| कुम्भ | अवसर प्राप्त । |
| मीन | पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |




महोत्तरीको सदरमुकाम जलेश्वरमा ठेलागाडामा विभिन्न फलफुलका बोटबिरूवा बेच्दै । *तस्बिर : रासस*

# कमलामा काठको पुलः छोटियो दूरी, छैन स्थायित्व



लहान । वारि सिरहाको सदरमुकाम, पारि धनुषाको कमला नगरपालिका । वारिपट्टि घर, पारिपट्टि खेती जग्गा । वारिका नातेदार पारि, पारिका नातेदार वारि । बीचमा कमला नदी ।

भौगोलिकरूपमा कुनै विकट, दूरदराज वा पिछडिएको क्षेत्र होइन । सुगम स्थान मानिने तराई मधेसको 'लाइफ लाइन'का रूपमा हेरिएको हुलाकी लोकमार्ग । अझ भनौँ, मधेस प्रदेशको राजधानी जनकपुरधामसँग जोड्ने छोटो दूरीको राष्ट्रिय गौरवको आयोजना ।

झन् उदेकलाग्दो कुरा त १२ वर्षदेखि निर्माणाधीन कमलाको पुल अझै कहिले बन्ने हो कुनै अत्तोपत्तो छैन । बर्खायाममा नदी वारिपारिका दुवै जिल्लाका स्थानीयलाई नातेदारसँग भेटघाट गर्न र आफूले गरेको खेतीपातीको गोडमेल तथा रेखदेख गर्नका लागि आवतजावत गर्न जुगौँदेखि सास्ती खेपिरहनुपरेको छ ।

हुलाकी लोकमार्गअन्तर्गत सिराहाको बसपिट्टा र धनुषाको साघारासम्म एक किलोमिटरसम्म कमला नदी फैलिएको छ । नदीमा पुल समयमा नबन्दा सिरहा र धनुषाका कैयौँ गाउँका जनता समस्यामा छन् । स्थानीयवासीहरूलाई आवतजावत गर्नलाई कि त पूर्वपश्चिम महेन्द्र राजमार्ग मिर्चैया–कर्जना भएर वा सीमावर्ती भारतीय बजार जयनगर पुगेर करिब दुई घन्टा लामो यात्रा गर्नुपर्छ कि नदीमा जोखिमपूर्ण डुङ्गा यात्रा गर्नुपर्छ । त्यो पनि त्यति सहज छैन ।

यही समस्यालाई सम्बोधन गर्न सिरहा नगरपालिकाले अस्थायी प्रकृतिको बाँसको टेका लगाएर काठको पुल बनाएको छ । उक्त पुल आइतबारबाट सञ्चालनमा आएको पनि छ । उक्त पुलमा अब मोटरसाइकल तथा पैदलयात्री निःशुल्क यात्रा गर्न सक्नेछन् । तर उक्त काठको पुलले यो बर्खायाम धान्नेमा शङ्का व्यक्त गर्छन् स्थानीय मोहनकुमार दास । "लामो समयदेखि निर्माणाधीन पक्की पुल नबन्दा यहाँका जनताले सास्ती खेप्नुपरेको हो । काठको यति सामान्य पुल बन्दा पनि खुसी व्यक्त गर्नुपर्ने अवस्था छ । जसोतसो कामचलाउ काठको पुल त बन्यो तर कहिलेसम्मलाई हो भन्न सकिँदैन", उहाँ भन्नुहुन्छ, "नदीमा अलि ठूलो बाढी आयो भने यो बनेको पुल पनि बगाएर लैजान्छ । फेरि समस्या उस्ताको उस्तै ।"

सिरहा नगरपालिकासँग समन्वय गरी काठको पुल बनाउनका लागि पहल गर्नुहुने स्थानीय युवा रामचन्द्र यादव भन्नुहुन्छ, "स्थानीय बासिन्दा र यस हुलाकी लोकमार्गमा आवतजावत गर्ने यात्रीलाई बर्खामास नदीमा बाढी आई कठिनाइ हुने भएकाले आवतजावत गर्नलाई सहज होस् भनी नगरपालिकासँग पहल गरिएको हो । यसमा नगरपालिकाले पनि सकरात्मकरूपमा लिएर पुल बनाउने काम गरेको छ, जुन सराहनीय छ । यसले गर्दा यात्रुको समयको बचत तथा दूरीलाई छोटो बनाएको छ । दैनिक दुई सयभन्दा बढी मोटरसाइकल तथा हजारौँ पैदलयात्रीलाई सहज भएको छ ।"

नदी पारिपट्टि आफ्नो खेतीपातीको हेरचाहमा जानलाई अब तत्काललाई भए पनि समस्या टरेको छ सुभकान्त यादवलाई । सिरहा नगरपालिका-६ स्थायी घर भएका उहाँलाई नदी वारपार गर्न मात्र सहज भएको छैन, कृषि उपजलाई बजारसम्म लैजान पनि सहज भएको छ । "खेतीपाती गर्नका लागि नदीबाट जोखिमपूर्ण यात्रा गर्न बाध्य थियौँ । काठकै अस्थायी पुल भए पनि हामीलाई सहज भएको छ", उहाँले खुसीको भाव व्यक्त गर्दै भन्नुभयो, "अब पारिपट्टिको खेतबारीमै तरकारी तथा बालीनाली सडेर नजाने भयो ।"

बाँसको पुल बनिसकेपछि सिरहा चोहर्वाका मोहम्मद साहिबलाई त्यही बाटो हुँदै धनुषाको कमला-४ स्थित ससुराली घर जानका लागि सहज भएको छ । उहाँले खुसी हुँदै भन्नुभयो, "पूर्वपश्चिम महेन्द्र राजमार्ग मिर्चैया–कर्जना भएर जानुपरेको भए मलाई दुई घन्टा बढी लाग्ने थियो । यही काठकै पुल भए पनि ठूलो राहत मिल्यो", त्यस्तै आफ्ना सात वर्षीय र नौ वर्षीय बच्चा लिएर सिरहा सदरमुकामबाट धनुषाको कमला -९ स्थित माइतीघर हिँड्नुभएकी मनिषा मण्डलले हर्षित हुँदै भन्नुभयो, "बालबच्चा लिएर नदी पार गर्न निकै कठिन थियो । अब ढुक्कसँग माइत पुग्न सकिने भयो । उता (माइती)बाट पनि कुनै चिन्ता लिने कुरा भएन ।"

हुलाकी सडकअन्तर्गत धनुषा-सिरहा जोड्ने कमला पुल निर्माण सम्झौता भएको १२ वर्षपछि सञ्चालन नहुँदै डेढ वर्षअघि भासिएको थियो । विसं २०६८ मा तीन वर्षभित्र पुल निर्माण गरिसक्ने सम्झौता भएको थियो, तर पटक-पटक म्याद थपेर करिब १० वर्ष लाग्यो । निर्माण कम्पनीले ९५ प्रतिशतभन्दा बढी काम सम्पन्न भई उद्घाटनको तयारी गरिरहेकै बेला विसं २०७८ असार र कात्तिकमा आएको बाढीले पुल भासिएपछि पुनःनिर्माणको काम तत्काललाई अनिश्चित भयो ।

यही अनिश्चितताका बीच निर्माण कम्पनीले आगामी चैत मसान्तसम्म भासिएको पुल पुनःनिर्माण गर्ने गरी पुनः काम सुरु गरेको थियो तर कमला नदीमा बढेको पानीको बहावका कारण पुनःनिर्माणको काम असार नलाग्दै रोकिएको छ । निर्माण कम्पनीका अनुसार आगामी असोजबाट रोकिएको पुल निर्माणको काम पुनः सुरु हुनेछ । रासस

# नेपाल पाकिस्तानबीच सीधा हवाई सेवा सञ्चालन गर्न चेम्बरको आग्रह




काठमाण्डु । नेपाल चेम्बर अफ कमर्सले नेपाल पाकिस्तानबीच सीधा हवाई सेवा सञ्चालनको पहल गरिदिन नेपालका लागि पाकिस्तानी राजदूतलाई आग्रह गरेको छ । चेम्बरको टोलीले मंगलबार नेपालका लागि पाकिस्तानी राजदूत अबरार हुसेन हाशमीलाई दुई मुलुकबीचको व्यापार सहजीकरण एवं पर्यटकीय गतिविधी वृद्धि गर्नका लागि सीधा हवाई सम्पर्क सञ्चालनका लागि पहल गर्न आग्रह गरेको हो ।

जमलस्थित चेम्बर भवनमा आज भएको भेटमा चेम्बरका अध्यक्ष राजेन्द्र मल्लले दुई मुलुकबीचको व्यापार वृद्धि, पर्यटन आदानप्रदान एवं अन्य आर्थिक, व्यापारिक गतिविधि विस्तारका लागि तत्काल हवाई सेवा सञ्चालनमा ल्याउनुपर्ने बताउनुभएको हो ।

हवाई सेवा सञ्चालन गर्न दुई मुलुकबीच सरकारी तबरबाटै पहल गर्न र नीजि क्षेत्रमा पनि सहकार्य गराउन अध्यक्ष मल्लले राजदूत हामीसँग आग्रह गर्नुभयो । "नेपाल र पाकिस्तानबीच हवाई दूरी जम्मा तीन घण्टाको छ, यसलाई सदुपयोग गर्न सकियो भने दुई मुलुकबीचको व्यापार वृद्धि र पर्यटन विस्तार गर्न सकिन्छ, सार्क सदस्य राष्ट्रको हैसियतले अन्य थुप्रै आर्थिक गतिविधी वढाएर दुवै मुलुकले लाभ प्राप्त गर्न सक्छन", अध्यक्ष मल्लले भन्नुभयो ।

अध्यक्ष मल्लले निजी क्षेत्रबीचको सहकार्यमार्फत, हवाई सेवा सञ्चालन, साना तथा मझौला उद्योगमा संयुक्त लगानी बढाएर दुवै देशले लाभ लिन सक्ने प्रचुर सम्भावना रहेको बताउनुभयो । पाकिस्ताबाट नेपालले अहिले औषधि, प्रशोधित छालाजन्य पदार्थ, मेसिनरी वस्तु, जुत्ता, चप्पललगायतका वस्तु आयत गरेको छ भने मह, कफी, चिया, हस्तकलाका सामान, अलैंची, आँखाको लेन्स, उनी धागोलगायतका वस्तु निर्यात गर्दै आएको छ ।

काठमाडौँ कराँचीबीच सीधा हवाई सेवा सञ्चालन गर्न सकिए व्यापार सहजीकरण हुने र व्यापार घाटा पनि कम गर्न सकिने अध्यक्ष मल्लको भनाइ थियो । पाकिस्तानबाट वार्षिक औषत चार हजार हाराहारीमा पर्यटक नेपाल घुम्न आउने गरेका छन् ।

भेटमा नेपालका लागि पाकिस्तानी राजदूत हाशमीले पनि हवाई सेवा सञ्चालनका लागि सरकारी तवरबाटै पहल हुनुपर्ने बताउनुभयो । नेपाल र पाकिस्तानबीच दुवै मुलुकलाई फाइदा हुने गरी आर्थिक सम्भावनाका क्षेत्रको पहिचान गर्नुपर्ने उहाँको भनाइ थियो । दुई देशबीचका चेम्बर अफ कमर्सका पदाधिकारीबीच छलफल गराएर व्यापारिक गतिविधि विस्तारका लागि आफूले पहल गर्ने राजदूत हासमीले बताउनुभयो । रासस

# वीर अस्पतालमा सुविधासहितको विशिष्ट कक्ष

काठमाण्डु । वीर अस्पतालले थप शैय्या र सुविधासहित विशिष्ट कक्ष सञ्चालन गरेको छ । नयाँ सर्जिकल भवनमा तीन शैय्या थप गरेर सुविधा सम्पन्न कक्ष सञ्चालनमा ल्याइएको हो ।

अस्पतलाका निर्देशक डा सन्तोष पौडेलका अनुसार उपचार कक्षमा आवश्यक उपकरणसहित अतिथि सत्कार कक्ष, आगन्तुक प्रतीक्षालयसहितको सुविधा छ । वीर अस्पतालको पुरानो भवनमा पहिलादेखि नै विशिष्ट व्यक्ति र अति विशिष्ट व्यक्तिका लागि दुई शैय्या छुट्याइएको थियो ।

वीर अस्पतालमा सञ्चालनमा आएको विशिष्ट र अतिविशिष्ट कक्षको मङ्गलबार स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले अवलोकन गर्नुभयो । सो अवसरमा मन्त्री बस्नेतले सबै प्रकारका स्वास्थ्य उपचार देशभित्रै गर्नका लागि वीर अस्पतालमा शैय्या थप गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "वीरमै सुविधा सम्पन्न कक्षको व्यवस्था र उपचारका लागि सरकारी र निजी क्षेत्रका गरी १५ सदस्यीय विशेषज्ञ चिकित्सकको टोली बनाएका छौँ । त्यही टोलीले उपचार गर्छ । उपचारका लागि कोही पनि विदेश जानु पर्दैन ।" अस्पतालको सेवा प्रवाह थप राम्रो बनाउन चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) र वीरका पदाधिकारीलाई मन्त्री बस्नेतले निर्देशन दिनुभयो ।

न्याम्सका उपकुलपति प्रा डा भुपेन्द्रकुमार बस्नेतको संयोजकत्वमा गठन भएको विशिष्ट र अतिविशिष्ट उपचार विशेषज्ञ समितिमा डा किरण श्रेष्ठ, डा ध्रुव गैरे, डा रविराम श्रेष्ठ, डा शैली प्रधान, डा भगवान कोइराला, डा पुकारचन्द्र श्रेष्ठ, डा महेश अधिकारी, डा सुभाष आचार्य, डा सुन्दुक रुइत, डा शशी शर्मा, डा रत्न गजुरेल, डा बद्री रिजाल, डा मनबहादुर केसी र डा रमेश चोखानी हुनुहुन्छ । रासस

# विपद् प्रभावित किसानलाई राहत

बाग्मती । बाग्मती प्रदेश सरकारले गत आर्थिक वर्ष २०७९/८० मा विपद् प्रभावित किसानलाई रु एक करोड ५७ लाख ७५ हजार राहत वितरण गरेको छ । प्रदेश अन्तर्गत कृषि तथा पशुपन्छी विकास मन्त्रालयले प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट प्रभावित पशुपन्छी तथा मत्स्य पालक किसानलाई राहत वितरण गरेको हो ।

राहत वितरणका लागि कृषि तथा पशुपन्छी विकासमन्त्री डा राजेन्द्रमान श्रेष्ठको संयोजकत्वमा समिति गठन गरिएको थियो । राहत वितरणका लागि मन्त्रालयले २०७९ साल मङ्सिर २३ मा सार्वजनिक सूचना जारी गरी विपद्बाट प्रभावित किसानलाई निवेदन दिन आग्रह गरेको थियो ।

निवेदन पेस भएकामध्येबाट छनोट भएका ४१ किसानलाई उक्त राहत रकम उपलब्ध गराइएको मन्त्रालयका सचिव डा शरणकुमार पाण्डेले जानकारी दिनुभयो । विपद्को घटना खुल्ने प्रहरी मुचुल्का, कृषि ज्ञान केन्द्रलगायत सम्बन्धित निकायको सिफारिस र प्रमाणका आधारमा किसानलाई राहत वितरण गरिएको हो । रासस

# राष्ट्रिय सुरक्षा र सेनाका विषयमा हल्का टिप्पणी नगरौँ : सुरक्षाविद्




काठमाण्डु । जानकारहरूले राष्ट्रिय सुरक्षा र सेना जस्तो संवेदनशील विषयमा हल्का प्रतिक्रिया र पर्न सक्ने असरको आकलन नगरी टीकाटिप्पणी नगर्न सुझाव दिनुभएको छ ।

राष्ट्रिय सरोकार तथा समन्वय समितिको आजको बैठकमा 'राष्ट्रिय सुरक्षासम्बन्धी नीति, मापदण्ड, सुरक्षा निकायबीचको समन्वय, व्यवस्थापनमा देखिएका प्रमुख सवाल, समस्या तथा चुनौती र भावी कार्यदिशा' सम्बन्धी छलफलमा उहाँहरूले यी दुवै संवेदनशील विषयमा उपयुक्त थलो र समयमा राष्ट्रिय सहमतिका आधारमा सम्बोधन गर्नु बुद्धिमानी हुने तर्क प्रस्तुत गर्नुभयो ।

बैठकमा रक्षा मन्त्रालयका पूर्वसचिव देवेन्द्रप्रसाद सिटौलाले प्रत्यक्ष र अप्रत्यक्ष जिम्मेवारी बोकेको माथिल्लो अङ्गको रूपमा रहेको सेनाको मानमर्दन र भ्रम सिर्जना गर्ने काम कसैबाट हुन नहुने बताउनुभयो । उहाँले भन्नुभयो, "गहन अध्ययन र अनुसन्धानका आधारमा उपयुक्त थलो र समयमा यसको तय हुन्छ । यो गम्भीर विषय हो । स्थिरता, शान्ति र समृद्धिका लागि राष्ट्रिय सुरक्षा सुदृढ हुनुपर्छ ।"

राष्ट्रिय अनुसन्धान विभागका पूर्वप्रमुख देवीराम शर्माले राष्ट्रिय सुरक्षालाई बलियो बनाउन सूचना प्राप्तिका आधारमा रणनीति तय गरेर जान उपयुक्त हुने धारणा राख्नुभयो । "आतङ्कवाद, बहुपक्षीय सम्झौताका असर, नेपाललाई प्रभाव पार्ने विषय भएकाले सबैले त्यसप्रति चनाखो हुनुपर्छ । राष्ट्रिय सुरक्षाका बारेमा जानकार र प्रभावकारी व्यक्तिलाई विश्वासमा लिएर काम गर्नुपर्छ । त्यसो भएको खण्डमा राष्ट्रिय सुरक्षालाई सुदृढ तुल्याउन सहयोग पुग्छ", उहाँले भन्नुभयो ।

द्वन्द्व समाधानसम्बन्धी विज्ञ डा विष्णुराज उप्रेतीले राष्ट्रिय सुरक्षाको विषयलाई केही व्यक्ति र संस्थाले गम्भीररूपमा नलिएको बताउनुभयो । उहाँले भन्नुभयो, "राष्ट्रिय सुरक्षासम्बन्धी नीति, सम्झौतालगायतका महत्त्वपूर्ण दस्तावेजको सुरक्षा र संरक्षणमा राज्यले आवश्यक ध्यान पुर्याएको छैन ।"

नेपाली सेनाका पूर्वसहायक रथी अजित थापाले समय, परिस्थिति र कालखण्डका आधारमा राज्यले आफ्नो प्राथमिकता तय गरी आधिकारिक निकायमा छलफल र बहसका आधारमा विषयवस्तुलाई टुङ्गोमा पुर्याउन सक्नुपर्ने बताउनुभयो । "सुरक्षाको दृष्टिकोणबाट मौजुदा नीति र कानूनको सूक्ष्म मूल्याङ्कन तथा राष्ट्रिय सुरक्षाको आन्तरिक र बाह्य परिवेश विश्लेषण गरिनुपर्दछ", उहाँले भन्नुभयो ।

सुरक्षासम्बन्धी जानकार गेजा शर्मा वाग्लेले राष्ट्रिय सुरक्षा नीति र विदेश नीतिमा राष्ट्रिय सहमति हुनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "राज्यका सबै अङ्गका विषयमा छलफल र बहस हुनपर्छ । सेना पनि राज्यको एउटा अङ्गको रूपमा रहेकाले यसका क्रियाकलापलाई पारदर्शी तुल्याउने सम्बन्धमा संसद्मा छलफल गरिनुपर्छ भन्ने आफ्नो मान्यता हो ।"

समितिका सभापति दिलकुमारी रावल थापाले राष्ट्रिय सुरक्षासम्बन्धी महत्त्वपूर्ण विषयमा सार्थक बहस गरी औचित्यपूर्ण निर्देशन दिन विज्ञसँग छलफल गरेको बताउनुभयो ।

यसअघि बैठकमा सदस्यहरूले मुलुकको समग्र राष्ट्रिय सुरक्षा र सेनाको सरुयाका विषयमा उठेका प्रश्नबारे जिज्ञासा राख्दै अराजनीतिक संस्थाका रूपमा रहेको सेनाका बारेमा तथ्य, प्रमाण र अध्ययन, अनुसन्धानबिना धारणा राख्न उपयुक्त नहुने बताउनुभयो ।

उहाँहरूले राष्ट्रिय सुरक्षाका विषयमा दलबीच एकमत हुन आवश्यक रहेको भन्दै राष्ट्रिय सुरक्षा नीति सार्वजनिक गर्नुपर्ने, प्राथमिकताका आधारमा कार्यदिशा तय गर्नुपर्ने र अनुसन्धानका आधारमा कानून बनाउनुपर्ने लगायतका विषय छलफलमा उठान गर्नुभएको थियो । रासस

**रोजगार बनौं ! ADMISSION OPEN रोजगार बनौं !**

जनकपुर अञ्चल भरिमै लगातार उत्कृष्ट रुपमा रिजल्ट ल्याउन सफल एकमात्र-सु-प्रसिद्ध तालिम केन्द्र

**शंकर टेक्निकल**

**CTEVT द्वारा मान्यता प्राप्त**

२०८०/०८१ मा डिप्लोमा तथा प्रि-डिप्लोमा तहको पूर्ण शुल्किय तर्फको आवेदन फारम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

**DIPLOMA PROGRAMME**

समान्य चिकित्सा (H.A)- ३ बर्षे
आयुर्वेद समान्य चिकित्सा (A.H.A) -३ बर्षे
ल्याब टेक्निसियन (C.M.L.T) -३ बर्षे

**PRE-DIPLOMA PROGRAMME**

बिद्युत सब-ओभरसियर (E.S.O.) -१८ महिने
सिभिल सब-ओभरसियर (C.S.O) -१८ महिने
सर्भे ईन्जिनियरिङ्ग (अमिन नाप) -१८ महिने


कोषहरुमा Diploma को लागि S.L.C. पास तथा SEE मा न्यूनतम २ GPA तथा प्रि डिप्लोमाको लागि S.L.C. पास तथा SEE मा E ग्रेड सम्मका विद्यार्थीहरु नयाँ भर्नाका लागि आजै सम्पर्क गरेर आ-आफ्नो सिट सुरक्षित राखी मौकाको फाइदा उठाउनुहोस् ।

**फारम भर्ने अन्तिम मितिः- २०८० श्रावण १२ गते सम्म ।**
**Diploma को प्रवेश परिक्षा हुने मितिः २०८० श्रावण २४ गते विहान ०८:०० बजे ।**
**Pre-Diploma को २०८० श्रावण २४ गते दिउँसो १ बजे ।**

**सम्पर्क स्थान**

**शंकर टेक्निकल ट्रेनिङ्ग सेन्टर**

जिरोमाइल (कवरगाह देखि दक्षिणपट्टी जाने बाटोमा) जनकपुरधाम-७
फोन नं. ०४१-४२१३६२, मो.नं. ९८१२०९१४६४, ९८५४०२०५६४, ९८४४०३८३६७



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# द्वन्द्व चर्काउने काम नगर

रौतहट जिल्लामा राजनीतिका माहिर खिलाडी मानिएका सांसद प्रभु साहले गौर राइस मिलको घटनालाई पुनःब्यूताउने प्रयास थालेका छन् । त्यस घटनामा तत्कालीन मधेशी जनअधिकार फोरम नेपाल र हालका जनता समाजवादी पार्टी(जसपा)का राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवलाई विवादमा तान्ने प्रयास गरिएकोछ । घटना भएको १७ वर्ष वितिसकेपछि द्वन्द्व चर्काउन साहले भरमग्दुर प्रयास गरिरहेका छन् । गौर राइस मिलको घटनामा माओवादीका २७ जना कार्यकर्ता मारिएका थिए । मारिएका अधिकांश कार्यकर्ताहरु चितवन लगायतका पहाडी जिल्लाका वासिन्दाहरु थिए । तत्कालीन फोरमको कार्यक्रममा सहभागी हुने अध्यक्ष यादवको हत्या प्रयाससहित माओवादीले आक्रमण गरेका थिए । २०६३ साल चैत ७ गते फोरमले राइस मिलमा कार्यक्रम गर्ने पूर्व जानकारी स्थानीय प्रशासनलाई दिएको थियो । तर ६ गते प्रभु साहले चितवनबाट २ बस माओवादी कार्यकर्ताहरुलाई ल्याएर ७ गते सोही राइस मिलमा कार्यक्रम गर्ने तयारी गरे । स्थानीय प्रशासनले माओवादीलाई अन्यत्र कार्यक्रम गर्न पटक-पटक आग्रह गरे पनि उनीहरुले मानेनन् । राइस मिलमा आक्रमण गर्ने क्रममा आक्रोशित बनेका स्थानीय वासिन्दाहरुले माओवादीलाई लखेटर हत्या गरे । चितवनतिरका माओवादीलाई भाग्ने बाटोबारे ज्ञान थिएन् । आक्रमण गर्ने तयारी गरेका माओवादीहरुलाई स्थानीयले चौतर्फी आक्रमण गरेपछि २७ जनाको ज्यान गयो । त्यो घटना भएको करीब हप्ता दिन अगावै अजय गुप्तालगायतका नेताहरुलाई माओवादीले कुटपिट गरेका थिए । त्यो आक्रोश पनि माओवादीमाथि घातक बन्यो ।घटना भएको वर्षौ भइसकेको र हाल सबै घुलमिलसमेत भइसकेका छन् । तत्कालीन माओवादीका कयौं नेता, कांग्रेस, एमाले, जसपालगायतका दलहरुमा छन् । जसपा, एमाले , कांग्रेस लगायतका दलका नेताहरु माओवादीमा गइसकेका छन् । सबै एकआपसमा घुलमिल भइसकेका छन् । त्यसकारण अब पुरानो घटनालाई ब्यूताएर राजनीतिक द्वन्द्व बढाउने कार्य साहले गर्नुहुँदैन् । प्रभु साह गठन गरेका आम जनता पार्टी(आजप)का अध्यक्ष, पूर्व मन्त्री पनि भइसकेका छन् । प्रभु साह स्वयम् पनि पटक-पटक मन्त्री भइसकेका छन् । उनी माओवादी छाडेर एमाले र एमाले छाडेर अहिले स्वतन्त्र रुपमा निर्वाचित सांसद बनेका छन् । साहले गठन गरेको आजपालाई तराई मधेशमा स्थापित गराउन उनले द्वन्द्व चर्काउने असफल प्रयास गरिरहेका छन् । रौतहटमा राजनीतिक दल र स्थानीय वासिन्दाबीच मधुर सम्बन्ध नै रहेकोछ । त्यसलाई प्रदूषित बनाउने प्रयास कुनै पक्षबाट हुनु हुँदैन् । व्यक्तिगत स्वार्थ र इर्ष्याका कारण साहको राजनीतिक जीवनमा समेत असर पर्न सक्छ । देशमा माओवादीकालीन राजनीतिकद्वन्द्व समाप्त भइसकेको छ । प्रभु साहमाथि एकजना हिन्दूवादी नेताको हत्या गरिएको आरोपछ । पर्सा जिल्लाका तत्कालीन एसपी रमेश खरेलले साहमाथि मुद्दा दर्ता गरेका थिए । त्यो मुद्दालाइ पनि बाहिर ल्याउनुपर्ने आवाज रौतहटमा उठ्न थालेको छ । प्रहरीले यस तर्फ पनि विचार गर्नु आवश्यक छ ।

# खरको छानो फाल्दै जस्ता

सुशीला रेग्मी

पानी आउँदा चुहिने, हावाहुरी लाग्दा छानो उडाउने जस्ता समस्याले कमला सुनारका कैयौँ दिनरात कष्टकरसँग बिते । उज्यालो हुँदा त बरु रुखमुनि बसेर भए पनि दिन बिताउँला तर रातको समयमा हावाहुरी, पानी परेपछि कसरी रात कटाउने भन्ने चिन्तै चिन्ताले धेरै रात निदाउन पाउनु भएन ।

खरले छाएको छानो पानी परेपछि चुहिहाल्ने, हावाहुरी आउँदा उडाउने गर्दा निकै दुःखसँग दैनिक जीवनयापन गर्न विवश हुनुभयो । अहिले भने यी समस्याबाट मुक्त हुन पाउँदा जीवनकै ठूलो खुसी मिलेको उहाँ बताउनुहुन्छ । रामपुर नगरपालिका-१० स्वामीभन्ज्याङ बस्ने सुनारलाई नगरपालिकाले २२ पाता जस्तापाता उपलब्ध गराएपछि सुखसँग दिन बिताउन पाएको बताउनुभयो ।

"खरको छानो भएको घर पानी पर्ने बित्तिकै चुहिएर बस्नै सकिँदैनथ्यो, हावाहुरी चलेका बेला डाँडाभाटा नै नराखेर उडाएर लैजान्थ्यो", उहाँले भन्नुभयो, "रातको समयमा त घरको झ्याल, ढोकामुनि बसेर धेरै रात बिताइयो, अहिले नगरपालिकाले निःशुल्क जस्तापाता उपलब्ध गराएपछि आनन्दले घरमा बस्न पाइएको छ ।"


पानी परेका बखत तथा हावा चलेका बेला झ्याल, ढोकामुनि कहिलेकाहीँ छिमेकीका घरमा ओत लाग्दै आउनुभएकी सुनारलाई बलियो छानो भएपछि घामपानी, हावाहुरीका समय ढुक्कले बाँस बस्ने ठाउँ बनाउन नगरपालिकाले सहयोग गरेपछि उहाँ उत्साहित हुनुहुन्छ । जस्तापाता किन्ने पैसा नहुँदा दुःखसँग जीवन गुजारा चलाउँदै आउनुभएकी सुनारले पानी आउँदा घरभित्रै मूल फुट्ने, छानो चुहेर बस्नै सकस रहेका बेला स्थानीय सरकारले विपन्नको दुःखमा मलम लगाउने काम गरेको बताउनुभयो । उहाँलाई नगरपालिकाले चार वर्षअघि दुईतले घर छाउन २२ पाता जस्तापाता उपलब्ध गराएको हो । त्यस समययता सुनारलाई घरमा बसोबासको समस्या नभएको बताउनुहुन्छ ।

रामपुर-१० कै रानागाउँ बस्ने विनिता विकले नगरपालिकाको सहयोगमा जस्तापाता लगाएको दुई वर्ष भयो । भूकम्पले भत्किएको घरमा नगर सरकारले राहतस्वरुप तीनतले घर ढाक्ने गरी २४ पाता जस्तापाता उपलब्ध गराएको छ । घरमा जस्तापाता किनेर लगाउन समस्या भएको बेला रामपुर नगर सरकारले गरेको सहयोगमा परिवारमा धेरै खुसी ल्याएको उहाँ बताउनुहुन्छ । "भूकम्पले घर भत्किएपछि बसोबास गर्न समस्या परेका बेला निःशुल्क जस्तापाता पाउँदा हाम्रो परिवारमा ठूलो राहत भयो, हामी स्थानीयको दुःखमा सहयोगी भावनाले नगर सरकारले गरेको यस सहयोगले गाउँमा सिंहदरबारको झ-झल्को अनुभूति दिलाएको छ", उहाँले भन्नुभयो ।

भूकम्पको पीडा छँदैछ तर घर छाउन जस्तापाता किन्ने पैसा अभावमा नगरको सहयोगमा जस्तापाता पाएपछि पुनःनिर्माण गरी ओत लागेर बसेको विकले बताउनुभयो । यस कार्यक्रमले घर छाउन जस्तापाता किन्न नसकेर बसेका गरिब, विपन्न परिवारलाई ओत लाग्ने बलियो आधार स्थानीय सरकारले बनाइदिएको उहाँको भनाइ छ ।

कमला सुनार र विनिता विकजस्ता रामपुरका धेरैले नगरको सहयोगमा चुहिने छानो र हावाहुरी चलेका बखत घरको छानो उडाउने समस्याबाट मुक्त भएर बलियो ओत लागेर बस्ने वातावरण पाएका छन् । नगर सरकारले एकै प्रकृतिको हरियो रङमा जस्तापाता वितरण गर्ने गरेको छ ।

रामपुर नगरपालिकाले नगरभित्रका खरको छानो रहेका घरधुरी विस्थापित गर्न आर्थिक वर्ष २०७४/७५ देखि 'रामपुर नगर खरको छानोरहित घर' कार्यक्रम सुरु गरेको हो । नगरभित्रका खरको छानो भएका सात सय १९ घरधुरी सर्वेक्षण गरी काम अगाडि बढाइयो । हालसम्म ६ सय १२ घरधुरीमा



खरको छानो हटाएर जस्तापाता लगाउने काम सम्पन्न भएको छ भने एक सय सात घरधुरीमा जस्तापाता लगाउने काम बाँकी रहेको छ । बाँकी घरहरूमा पनि जस्तापाता लगाउने कार्य सकाएर रामपुर नगरलाई खररहितको घर घोषणा गर्ने नगर सरकारको तयारी छ ।

आव २०७४/७५ मा एक सय ५९, आव २०७५/७६ मा एक सय २०, आव २०७६/७७ मा एक सय ६०, आव २०७७/७८ मा ८७, आव २०७८/७९ मा ४०, २०७८/७९ मै विपद्बाट ११ र आव २०७९/८० मा ३५ वटा घरधुरीमा जस्तापाता लगाइएको नगरपालिकाका इन्जिनियर कृष्ण थापाले जानकारी दिनुभयो ।

कार्यक्रम सुरु भएदेखि हालसम्म खरको छानोरहित घर कार्यक्रमको लागि रामपुर नगरपालिकाबाट रु एक करोड ६७ लाख, प्रदेश सरकारबाट रु ५० लाख गरी खरको छानो हटाएर जस्तापाता लगाउँदा भएको कूल लागत रु दुई करोड १७ लाख बराबरको रकम खर्च भइसकेको छ । पहिलो वर्ष नगरपालिकाले आव २०७४/७५ रु ५० लाख रकम विनियोजन गरेर काम सुरु गरेको हो भने दोस्रो वर्ष आव २०७५/७६ मा नगरपालिकाबाट रु एक करोड र प्रदेश सरकारबाट रु ५० लाख रकम विनियोजन गरी काम गरियो ।

आव २०७६/७७ र आव २०७७/७८ मा अघिल्लो आर्थिक वर्षकै केही रकम बाँकी रहेकाले सोही रकमबाट जस्तापाता वितरण कार्य भयो । आव २०७८/७९ मा नगरपालिकाबाट रु पाँच लाख, आव २०७९/८० मा रु १२ लाख बराबरको रकम विनियोजन गरी काम गरेको नगरपालिकाले जनाएको छ । प्राविधिकले नाप नक्साङ्कन गरेर समितिको सिफारिसमा सिङ्गो घर छाउन पुग्ने जस्तापाता सम्बन्धित घरधनीलाई वितरण गरिँदै आएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लेखनाथ न्यौपाने बताउनुहुन्छ ।

उहाँ भन्नुहुन्छ, "खरको छानोमुनि बसोबास गरेका परिवार, भइपरि आउने आगलागी, भूकम्पलगायतका विभिन्न विपद्मा परेका नागरिकलाई पनि उनीहरूको अवस्था हेरेर बाँसस्थानका लागि नगर सरकारले घर छाउन पुग्ने गरी जस्तापाता उपलब्ध गराएको छ, यो कार्यक्रम रामपुरमा प्रभावकारी रूपमा अगाडि बढिरहेको छ ।"

सानो झुप्रो त्यही पनि खरको छानो पानी पर्दा चुहेर घरभित्रै पानीको आहालभित्र विपन्नले जस्तापाता छाउने रकम नहुँदा त्यत्तिकै बस्नुपर्ने बाध्यता थियो । चुहिने खरको छानोमुनि बसेर कष्टकर रूपमा छोराछोरीको साथमा जीवन व्यतित गर्दै आएका अभिभावकहरू अहिले ढुक्कले बसोवास गरिरहेका छन् । घरको छानो व्यवस्थित र बलियो बनेपछि हावाहुरी, पानी परेका समय भय, डर हटेको लाभान्वितहरू बताउँछन् । विशेषगरी वर्षायाम सुरु भएपछि खरका छानोमुनि बसोबास गरिरहेका परिवारमा घर चुहिने समस्याले निकै पिरलो पारिरहेको हुन्थ्यो ।

स्थानीयवासीले नगरपालिकामा पेस गरेको निवेदनका आधारमा क्रमैसँग जस्तापाता उपलब्ध गराउने कार्य भइरहेको छ । सङ्कलित निवेदनको आधारमा प्राविधिकसहितको कर्मचारी र जनप्रतिनिधिको टोली गाउँ-गाउँमा पुगेर अनुगमनपश्चात् प्राविधिक अध्ययन गरी जस्तापाता वितरण भइरहेको छ । मूल घरमा खरको छाना भएको हुनुपर्ने र प्राविधिकको नाप नक्साङ्कनअनुसार घरको क्षेत्रफल हेरेर जस्तापाता छाउने तयारी गरेपछि एक घरधुरीलाई रु २५ हजारदेखि ४० हजारसम्मको अनुदानस्वरुप नयाँ संरचना कायम भएका घरपरिवारलाई जस्तापाता उपलब्ध गराइएको छ ।

सुरुका बेला नगरपालिका कार्यालयबाटै जस्तापाता वितरण गर्ने गरिएकामा लाभग्राहीको सहजताका लागि नगरपालिकाले तोकेको पसलबाट वितरण गर्ने काम भइरहेको छ । नगरपालिकाका जनप्रतिनिधिले सुरु गरेको यो कार्यक्रमबाट यहाँका नगरवासी उत्साहित बनेका छन् । निर्वाचनका बेला आफूले नागरिकसामु गरेका प्रतिबद्धताहरू पूरा गर्न 'रामपुर नगर खरको छानोरहित घर' कार्यक्रम सुरु गरेको र यस कार्यक्रमलाई नगरका सबै घर खररहित सम्पन्न नहुँदासम्म हरेकवर्ष निरन्तर रूपमा वजेट विनियोजन गरी अगाडि बढाउँदै लैजाने नगरपालिकाका प्रमुख रमणबहादुर थापाले बताउनुभयो ।

"सामान्य जस्तापाता किन्ने पैसा नभएर नागरिकले चुहिएको खरको छानोमुनि बसेर जीवन बिताउन बाध्य छन्", नगर प्रमुख थापाले भन्नुभयो, "उनीहरूलाई घर छाउन नगर सरकारले आवश्यकताको आधारमा आफू निर्वाचित भएर आएदेखि नै 'रामपुर नगर खरको छानोरहित घर' सुरु गरेको कार्यक्रमबाट विपन्न, गरिब परिवारका नागरिकले पानी पर्दा, हावाहुरी चल्दा आनन्दले बसोवास गरिरहेका छन्" ।

रामपुर नगरपालिकामा उहाँको हाल नगर प्रमुख पद दोस्रो कार्यकाल हो । आफ्नो कार्यकालमा आफूले निर्वाचनका बेला जनताको घरदैलोमा पुगेर गरेका प्रतिबद्धताहरू पूरा गर्ने गरी कामहरू अगाडि बढाएको नगर प्रमुख थापाले बताउनुभयो । सुन्दर र नमूना नगरका रूपमा चिनाउन नगरपालिकाले विशेष प्राथमिकतामा राखेर खरका छानारहित नगर कार्यक्रमलाई हरेक वर्ष निरन्तरता दिइरहेको छ ।

# नरबहादुरको स्मृति दिवसका सन्दर्भमा नरबहादुरको निष्ठा र नेपाली कम्युनिष्ट आन्दोलनको प्रतिष्ठा



– लेखराज रेग्मी

साउन ९ गते, नेपाली कम्युनिष्ट आन्दोलनका मूर्धन्य व्यक्तित्व नरबहादुर कर्माचार्यको स्मृति दिवस । कर्माचार्यलाई नेपालका कम्युनिष्टले मात्र नभई आमजनताले एक अभिभावकको रुपमा उच्च सम्मान गर्दछन् । पुष्पलाल, मोहनविक्रम र निर्मल लामा जो नेपाली कम्युनिष्ट आन्दोलनका वैचारिक राजनीतिक गुरुको रुपमा परिचित छन्, एकपटक नेपाली कांग्रेसका कार्यकर्ता रहिसकेका छन् तर कर्माचार्यको राजनीतिक जीवन नेकाभन्दा फरक र जेठो सङ्गठनबाट सुरु भएको छ । उहाँ बामधारामा रहँदै कम्युनिष्ट पार्टीमा संस्थापक नेताको हैसियत प्राप्त गर्नुभएको थियो ।

नेपाल कम्युनिष्ट पार्टीको स्थापना २००९ सालको लेनिन जयन्तीको दिन भयो । पुष्पलालको नेतृत्वमा पार्टी गठनको घोषणा गर्न जुटेका चारजनामध्ये नरबहादुर कर्माचार्य, निरञ्जन गोविन्द वैद्य र नारायण विलास जोशी संलग्न हुनुहुन्थ्यो । पछि सेप्टेम्बर १५ मा घोषणापत्र सार्वजनिक गर्दा मोतीदेवी पनि सँगै हुनुहुन्थ्यो । मोतीदेवीलाई संस्थापकको सूचीमा राख्न स्थापना दिवस सेप्टेम्वरलाई मान्ने गरियो । संस्थापक टिममा रहेर पनि प्राविधिक कारणले संस्थापक बन्न नपाएका देवेन्द्रलाल श्रेष्ठ पनि हो । पाटनका तीन लालमध्येका एक लालका देवेन्द्रलाल नरबहादुर कर्माचार्यसँगै आजीवन क्रियाशील राजनीतिक जीवन बिताउनुभयो ।

मनमोहनलगायतको एउटा समूह नेकपामा सामेल भएदेखि क्रमशः संस्थापक किनारा लाग्ने स्थिति बन्यो र देवेन्द्रलाल पनि पछि पर्न थाल्नुभयो तर बडाहाकिम पद छोडेर कम्युनिष्टसँगै रहनुभयो निर्मल लामाको नाम जोडिँदा छुटाउनै नहुने एउटा नाम दिलबहादुर श्रेष्ठ पनि हो जो उपत्यकाको किसान आन्दोलनको अग्रणीमा पर्नुहुन्छ । सिद्धिलाल तुलसीलालसँग जोडिएर रहँदाअर्थात् तेस्रो महाधिवेशनको नेतृत्व अकर्मण्य रहँदा पनि भ्यालीको आन्दोलनमा आफ्ना स्पष्ट विचारसहित पूरै क्रियाशील रहँदै कामरेड नरबहादुर कर्माचार्य चौथो महाधिवेशनको पक्षमा उभिनु भयो । त्यति बेला कामरेड निरञ्जन गोविन्द वैद्य स्वध्याय, लेखन र प्रकाशनसँगै प्रगतिशील पुस्तक बेचेर सन्तुष्ट रहनुभयो । तर कर्माचार्य सक्रिय राजनीतिमा लागिरहनुभयो । एकता केन्द्र गठन हुँदा केन्द्रीय सल्लाहकार समितिको प्रमुख पदमा रहेका नरवहादुर कर्माचार्य दोस्रो पटक केन्द्रीय भूमिकामा देखिनुभयो । एकता केन्द्रको विभाजनपछि अन्तरिम पार्टी प्रमुखको भूमिकामा पुग्नुभएका कर्माचार्यले हासिल गरेको यो नै उहाँको जीवनको सर्वोच्च राजनीतिक पद थियो । तर पदमा रहनु र नरहनुले बहाँको राजनीतिक भूमिकामा कुनै फरक परेन उहाँ सधैँ सक्रिय राजनीतिक भूमिकामा रहिरहनुभयो ।

उहाँ अत्यन्त सहयोगी स्वभावको ब्यक्ति हुनुहुन्थ्यो । म इसासको स्थापना भेलामा भाग लिन सायद जीवनको पहिलो पटक काठमाडौं आउँदा मेरो सम्पर्क ब्यक्ति र आश्रयदाता र कार्यक्रमस्थलसम्म पुऱ्याउन उहाँले नै भूमिका खेल्नुभएको थियो । मेरो उहाँसँगको पहिलो भेट र परिचय त्यही नै थियो । संयोगले २०५४ देखि ५९ सम्म एउटै कमिटीमा रहने अवसर जुऱ्यो । संस्थापकसँग एउटै कमिटीमा रहनु मेरो जीवनको सार्थक समय हो भन्ने लाग्छ । एकताकेन्द्र बनेपछि पार्टीको नेतृत्वको हैसियतले भूमिगत केन्द्रीय कार्यालय स्थापना गर्न रहन बस्न र गोपनीयता कायम रहन कर्माचार्यको महत्वपूर्ण अभिभावकीय भूमिका रहेको छ । बिना भेदभाव पार्टी साथी र नेतृत्वलाई सहयोग गरने उहाँको कार्यशैली अनुकरणिय छ । साथै देखिएका कमीकमजोरीमा खुलस्त आलोचना गर्न सक्ने हैसियत पनि अनुकरणीय छ भन्ने लागेको छ ।

संस्थापक समितिको कार्य विभाजनमा मजदुरको जिम्मेवारी पाउनुभएका कर्माचार्य केही समय विराटनगरमा रहेर पार्टी काम अगाडि बढाउनुभयो भने निरञ्जन गोविन्द वैद्य भने वीरगञ्जलाई कर्मथलो बनाउँदै बारा पर्साका किसानलाई सङ्ठित गर्न लाग्नुभयो । कामको सिलसिलामा भारतीय कम्युनिष्ट पार्टीका सदस्य बनिसकेका मनमोहन पनि नेपालमा चलेको राणा विरोधी आन्दोलनमा सामेल हुन विराटनगर (गृह जिल्ला) मा आएर मजदुरबीचमा काम गरिरहनुभएको थियो ।

विराटनगरका कारखाना मजदुरको २००७ को क्रान्तिमा महत्वपूर्ण भूमिका छ र त्यही समयमा छोटो अवधिमै नेकपाको विस्तार जुन ढङ्गले भयो कर्माचार्यलाई यसले स्थापित गरेको छ । आज ट्रेड युनियनको इतिहासबारे चर्चा गर्नेले यसलाई छुटाउनु हुँदैन भन्ने लाग्छ ।

त्यस्तै वीरगञ्ज क्षेत्रको मजदुर आन्दोलनमा स्थापनाकालीन भूमिकामा पनि उहाँलाई पाउन सकिन्छ । साथै, निरञ्जन गोविन्द वैद्यसँगको सहकार्यमा त्यस क्षेत्रमा कम्युनिष्ट पार्टी र आन्दोलनको उठानमा पनि उहाँको उल्लेख्य भूमिका छ । नेपाली कांग्रेसको नेतृत्वमा भइरहेको सशस्त्र क्रान्तिको समयमा पार्टी नीतिअनुसार भाग लिने नीति तथा भूमिगत पार्टी भूमिकाबीच तालमेल गर्दा बाह्यरुपमा कांग्रेसमय देखिएको भए पनि त्यतिबेला कम्युनिष्ट पार्टीको विस्तार अत्यधिक नै रह्यो र किसान सङ्घ मजदुर सङ्गठनमा बलियो कम्युनिष्ट प्रभाव रहेको पाइन्छ । यसको श्रेय संस्थापकको हैसियतले कार्यक्षेत्रमा खटेर काम गरेबापत कर्माचार्य र निरञ्जन गोविन्द वैद्यलाई जान्छ । राजनीतिकरुपमा २००७ को क्रान्ति दिल्ली सम्झौता र सन १९५० को असमान सन्धिको विरोध पार्टीको घोषित नीति रहनु र यसको विरुद्ध सशक्त आन्दोलन हुनुले स्वभाविक सीमा र कमजोरीका बाबजुद संस्थापक नेतृत्व टिम त्यसैले उहाँमा आवश्यक राजनीतिक स्पष्टता रहेको पाइन्छ ।

नेपाली कम्युनिष्ट पार्टीको स्थापनाकालमा अन्तर्राष्ट्रिय जगत्मा अतन्त प्रभाव र तरङ्ग पैदा गर्ने दुईवटा घटनालाई याद गर्नुपर्ने हुन्छ । सोभियत सङ्घको अगुवाइमा फासिष्ट तथा नाजीवाद विरुद्ध निर्णायक युद्धमा बिजय प्राप्त भयो । सर्वाधिक शक्तिशाली जर्मन साम्राज्यवादले स्तलिनको नेतृत्वको सोभियत सङ्घसँग घुँडा टेक्यो । यसले दुनियाँभरमा राष्ट्रिय मुक्ति सङ्घर्षको बिगुल बज्न थाल्यो । सर्वशक्तिमान बृटिश साम्राज्यवादले हिन्द प्रशान्त क्षेत्रबाट हात धोयो । छिमेकी भारत स्वतन्त्र भयो । त्यतिबेला भारतको कम्युनिस्ट आन्दोलन सशक्त ढङ्गले स्थापित भइरहेको थियो । साथै, जापानी साम्राज्यवाद दोस्रो विश्वयुद्धको पराजयसँगै चीनबाट पनि पराजित भएर बाहिरियो । जापान विरोधी युद्धको क्रममा कामरेड माओको नेतृत्वमा सैनिक तथा राजनीतिक रुपमा अनुभव स्पष्टता र शक्ति आर्जन गरेको चिनियाँ कम्युनिष्ट पार्टीले गृहयुद्धमा पनि बरद कायम गऱ्यो ।

अमेरिकी साम्राज्यवादको गोटी बनिसकेको च्याङ काइ सेक नेतृत्वको प्रतिक्रियावादी मोर्चा हार र प्रशान्त क्षेत्रबाट अमेरिकी वर्चश्वसमेत गुम्ने गरी अमेरिकी पराजयसँगै चिनियाँ कम्युनिष्ट पार्टी र माओको प्रभाव विश्वव्यापी रुपमा बढिरहेको थियो । नेपाल यी दुवै घटनाबाट प्रभावित हुँदै कम्युनिष्ट आन्दोलनको दिशामा बेगवान ढङ्गले विस्तार र विकसित भइरहेको थियो । नयाँ जनवादी क्रान्तिको नीति तय हुनुमा यिनै कारणले बढी भूमिका खेलेको र सशक्त किसान आन्यदोलनको विस्तार पनि भइरहेको थियो ।

यही समयमा नेपाली कम्युनिष्ट आन्दोलनमा प्रभाव पार्ने तीनवटा घटना देखापरे । पहिलो, कम्युनिष्ट पार्टीमाथि प्रतिवन्धको घोषणा गरियो, दोस्रो, डा के आइ सिंहको विद्रोह र तेस्रो भीमदत्त पन्तको नेतृत्वको किसान बिद्रोह दमन गर्न भारतीय सेनाको प्रवेश । यही पृष्ठभूमिमा कामरेड मनमोहनलगायतका नेताहरुको कम्युनिष्ट पार्टीमा प्रवेश भयो । त्यसपछिको पार्टी केन्द्रको शक्ति सन्तुलन र परिस्थितिको प्रतिकुलताको मूल्याङ्कनसहित भीमदत्त पन्तको नेतृत्वमा उठेको किसान आन्दोलनको जिम्मेवारी लिन पार्टीले इन्कार गऱ्यो । उपत्यका तथा बारा पर्सा रौतहटको किसान आन्दोलनबाट हात झिक्यो र प्रतिबन्ध फुकुवाको लागि दरबारमा लिखित बिन्तीपत्र हाल्यो ।

यही क्रममा पार्टीको नेतृत्वको परिवर्तन गरिएको थियो तथा उपरोक्त सबै काम मनमोहनको नेतृत्वमा भएका थिए । तर रेङ्क एण्ड फाइल यसमा सन्तुष्ट थिएन र कर्माचार्य रेङ्क एण्ड फाइलसँगै उभिनुभयो । क पुषपलालबाहेक सबै संस्थापक केन्द्रीय समितिमा पर्नुभएन । उहाँहरु मतभेदसहित पार्टीमा सकृय रहनुभयो । मनमोहन चीनमा उपचारको लागि जानुभयो र पार्टी नेतृत्व रायमाझीको हातमा आयो । त्यतिबेला भ्यालीमा निर्मल लामा र पश्चिममा मोहनविक्रम उदीयमान युवा नेतृत्वको रुपमा पार्टीको केन्द्रीय राजनीतिमा देखा परिरहेका थिए । कामरेड नरवहादुर निर्मल लामाको संरक्षकदेखि सहयोगीको भूमिकामा अन्तिमसम्म देखिनुभयो । चौथो महाधिवेशनको फुट र एकता केन्द्रको विभाजनमा उहाँ निर्मल लामासँगै रहनुभयो ।

कामरेड कर्माचार्य नीतिगत विमतिका बाबजुद पार्टीको औपचारिक नीति निर्णय र नेतृत्वको पक्षमा रहनुभयो । निर्मल लामाको अगुवाइमा चौथो महाधिवेशन २०३६ को जनआन्दोलनमा अग्रणी भूमिकामा देखा पऱ्यो र नेपालको सर्वाधिक लोकप्रिय र अग्रणी भूमिकासहित सङ्गठनात्मक विकास र विस्तार भयो । यही समयमा पार्टीभित्र निर्मल लामालाई नेतृत्वबाट हटाउने काम हुन थाल्यो । नरबहादुर लामाको पक्षमा उभिनुभयो तर भक्तबहादुर श्रेष्ठ महामन्त्री भइसकेपछि बिना आग्रह नेतृत्वलाई सहयोग गर्नुभयो । त्यस्तै २०४६ को आन्दोलनपश्चात् पार्टी एकताको लागि पहलकदमी लिनुभयो र उहाँ मोहनविक्रमसहितको एकताको पक्षमा उभिनुभयो । एकता केन्द्र बनिसकेपछि उहाँले प्रचण्डलाई पार्टी नेतृत्वको रुपमा खुलेर सहयोग गर्नुभयो । वैचारिक मतभेद त थिए तर पार्टी विभाजन पूर्व नेतृत्वको सम्मान रक्षा र सहयोगमा कुनै कमी देखिएन । विभाजनपश्चात् पुर्नगठनको दायित्व निर्वाह गरेका कर्माचार्य अन्तिमसम्म एकताको पक्षमा उभिनुभयो । राष्ट्रिय भेलापश्चात् नारायणकाजीलाई सहज ढङ्गले नेतृत्व स्वीकार्नु भयो । यसरी एउटा अनुशासित अविश्रान्त सदाबहार कम्युनिष्ट जीवन अन्तिमसम्म बिताउनुभयो ।

उहाँले कहिल्यै राजनीतिमा छलछाम गर्नुभएन र रुचाउनुभएन । नेतृत्वप्रतिको उहाँको असन्तुष्टि धेरैजसो यसै सवालमा रहनेगर्थ्यो । तर कतै कुनै प्रसङ्गमा छरपष्टपोखिएको पाइएन । उहाँसँग महत्वाकांक्षा थिएन र यसलाई अरुमा पनि रुचाउनुभएन । यसलाई पुष्टि गर्ने धेरै घटनाहरु यादमा छन् । निरञ्जन गोविन्द वैद्यको पार्टी सदस्यता पुनर्जीवित गराउने काममा उहाँको महत्वपूर्ण भूमिका रह्यो । यसले पनि देखाउँछ कि उहाँ सबै कम्युनिष्ट एक ठाउँमा रहेको देख्न चाहनु हुन्थ्यो । हाल उहाँको नाममा प्रतिष्ठान गठन भएको छ । यस प्रतिष्ठानले उहाँको इतिहास र विचार पक्षको कुशल बाहक बनेर रहने विश्वास गरिएको छ । (लेखक अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी केन्द्र) का नेता नेता हुनुहुन्छ ।



# अध्यक्ष ओली र चिनियाँ कम्युनिष्ट पार्टीका नेताबीच भेटवार्ता

काठमाण्डु । नेकपा (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र नेपाल भ्रमणमा रहनुभएका चिनियाँ कम्युनिस्ट पार्टीका पोलिटब्युरो सदस्य युआन च्या च्युनबीच भेटवार्ता भएको छ ।



एमाले पार्टी कार्यालय च्यासलमा मंगलबार भएको भेटवार्तामा उहाँहरूबीच द्विपक्षीय आपसी हितका विविध विषयमा छलफल भएको एमाले पार्टी कार्यालयले जनाएको छ ।

तीन दिनको नेपाल भ्रमणका लागि आइतबार यहाँ आइपुग्नुभएका पोलिटब्यूरो सदस्य युआन नेतृत्वको प्रतिनिधिमण्डलले यसअघि राष्ट्रपति रामचन्द्र पौडेल, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, कार्यवाहक प्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्का, उपप्रधानमन्त्री एवं गृह मन्त्री नारायणकाजी श्रेष्ठ र सभामुख देवराज घिमिरेसँग भेटवार्ता गरेको थियो ।

**एमाले अध्यक्ष ओली**

**स्वदेश फिर्ता**

नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली एक साता लामो कम्बोडिया भ्रमण सकेर स्वदेश फर्कनुभएको छ ।

उहाँ यही साउन २ सोमबार निर्वाचन पर्यवेक्षणका लागि त्यसतर्फ प्रस्थान गर्नुभएको थियो । भ्रमणमा राधिका शाक्य, उपमहासचिव विष्णु रिमाल र सचिवालय टोलीसहित छ जनाको सहभागिता रहेको थियो ।

कम्बोडिया अध्यक्ष ओलीले त्यहाँका प्रधानमन्त्री सामदेक टेचो हुन सेनसँग भेटवार्ता गर्नुभएको थियो । साथै श्रीलङ्काका पूर्वराष्ट्रपति मैत्रीपाला सिरिसेना र नाइजेरियाका पूर्वराष्ट्रपति जोनाथन गुडलकसँग पनि भेटवार्ता गर्नुभएको एमाले सचिवालयले जानकारी दिएको छ । साथै उहाँले कम्बोडियामा भएको निर्वाचनको पर्यवेक्षण गर्नुभएको थियो ।

# एकीकृत समाजवादी केन्द्रीय कमिटी बैठक साउन २० र २१ मा

काठमाण्डु । नेकपा (एकीकृत समाजवादी) पार्टीको केन्द्रीय कमिटी बैठक यही साउन २० र २१ काठमाडौँमा बस्ने भएको छ ।

बैठकले पार्टीको महाधिवेशनको मिति र स्थान तय गर्ने जनाइएको छ । पार्टीको पोलिटब्यूरो सदस्य दिलु पन्तले आगामी माघ महिनामा पार्टीको महाधिवेशन सम्पन्न गरी देशभर सङ्गठनलाई थप विस्तार गर्ने तयारी भइरहेको जानकारी दिनुभयो । बैठकले पार्टी आधारभूत तहसम्म स्थापित गर्न आवश्यक कार्ययोजना तथा रणनीति तयार गर्ने उहाँले बताउनुभयो ।

यही साउन १८ र १९ गते बस्ने पोलिट्ब्यूरो बैठकमा पार्टीका सबै जनवर्गीय सङ्गठनको कार्यसम्पादनको समीक्षा गरिने जनाइएको छ । अगामी निर्वाचनमा एक्लै प्रतिस्पर्धा गर्न सक्ने गरी पार्टीको संरचना र सामर्थ्य विस्तारका लागि आवश्यक राजनीतिक गतिविधिसमेत सञ्चालन गर्ने योजना बैठकले तयार गर्ने छ ।

यही साउन १६ र १७ गते पार्टीको स्थायी कमिटीको बैठक बस्ने छ । यही साउन १५ गते बस्ने सचिवालय बैठकले स्थायी कमिटी, पोलिट्ब्यूरो र केन्द्रीय कमिटीको प्रस्ताव तयार पार्ने छ । बैठकको निर्णयलाई मूर्तरूप दिन अनौपचारिक छलफल गरी कार्यान्वयनका लागि शीर्षनेतालाई जिम्मेवारी प्रदान गरिने छ । रासस

# खाद्य असुरक्षाविरुद्धको लडाइँ लड्नुपर्ने अवस्था छ : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले भोक र खाद्य असुरक्षाविरुद्धको लडाइँ अझै दृढताका साथ लड्नुपर्ने बताउनुभएको छ । उहाँले हाम्रो खाद्य प्रणालीमा परिवर्तन गर्नुपनि भोकविरुद्धको लड्ने अस्त्र भएको धारणा राख्नुभएको छ ।



संयुक्त राष्ट्र सङ्घको खाद्य तथा कृषि सङ्गठनको मुख्यालय इटालीको रोममा आयोजना भएको 'युनाटेड नेसन्स् फूड सिस्टम-२०२३ स्टकिङ मोमेन्ट'लाई मंगलबार सम्बोधन गर्नुहुँदै प्रधानमन्त्रीले दिगो भविष्यका लागि मार्ग प्रशस्त गर्न आधुनिक खाद्य प्रणाली कमजोर साबित भएकाले त्यसमा सुधार ल्याउनु जरुरी रहेको उल्लेख गर्नुभयो ।

वर्तमान खाद्य प्रणालीले जैविक विविधतालाई क्षीण बनाएको, असमानता बढाएको, असमान उत्पादन र उपभोगलाई मात्रै प्रश्रय दिएको प्रधानमन्त्री प्रचण्डको भनाइ छ । त्यस्ता प्रणालीले हरितगृह ग्यास उत्सर्जनमा बढावा दिएको, जलवायु परिवर्तनमा प्रभाव पारेको र परम्परागत अभ्यासलाई खण्डित गरेको उहाँले बताउनुभयो ।

खाद्य प्रणालीका कारण नसर्ने रोगको वृद्धिले जनस्वास्थ्यमा नकारात्मक प्रभाव परेको स्पष्ट पार्दै प्रधानमन्त्रीले भन्नुभयो, "खाद्य प्रणालीमा हामीले गर्ने परिवर्तनले मात्रै यस्ता विविध चुनौतीलाई सम्बोधन गर्न सकिन्छ ।"

प्रधानमन्त्री प्रचण्डले खाद्य प्रणालीमा ल्याइने परिवर्तनले मात्रै जीविकोपार्जनमा सुधार, आर्थिक विकासमा बढावा दिई गुणस्तरीय जीवनयापनका लागि योगदान गर्न सकिने स्पष्ट पार्नुभयो । उहाँले त्यस्तो रुपान्तरणले थप समतामूलक, लचिलो र दिगो खाद्य प्रणालीको नेतृत्व गर्ने विश्वास व्यक्त गर्नुभयो ।

प्रधानमन्त्री प्रचण्डले नेपालमा खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ मार्फत कानुनी दायरा तयार पारी दिगो खाद्य प्रणालीमा जोड दिएको जानकारी गराउनुभयो । स्वास्थ्य, कृषि, खाद्य सुरक्षा र पोषणमा खाद्य सुशासन र नीतिमा तादम्यता ल्याउनका लागि सो व्यवस्था एक महत्वपूर्ण साधन भएको प्रधानमन्त्रीको भनाइ छ ।

सन् २०२१ मा सम्पन्न 'युएन फुड सिस्टम समिट'ले तय गरेको मार्गनिर्देशअनुसार विद्यमान खाद्य प्रणालीमा रहेको कमजोरी पत्ता लगाई त्यसलाई सुधार गर्न र रुपान्तरणको मार्ग तय गर्न सरोकारवालासँग राष्ट्रिय र प्रादेशिकरूपमा सघन छलफल गरिएको प्रधानमन्त्रीको भनाइ छ ।

दिगो विकास लक्ष्यले तय गरेको लक्ष्यअनुसारको कामलाई सुव्यवस्थित रूपमा अगाडि बढाउनका लागि खाद्य प्रणाली रुपान्तरणसमबन्धी रणनीतिक योजना (सन् २०२२-२०३०) तयार पारी कार्यान्वयनमा ल्याइसकिएको प्रधानमन्त्री प्रचण्डले जानकारी दिनुभयो ।

नेपाल किफायती, सुरक्षित, स्वस्थ र पौष्टिक आहारका लागि दिगो खाद्य शृङ्खला विकास गर्न प्रतिबद्ध रहेको प्रधानमन्त्रीको प्रष्टोक्ति छ । उहाँले कृषि उत्पादकत्वमा सुधार, स्थानीय खेतीको प्रवर्द्धन गर्दै फोहोररहित भण्डारणका लागि लगानी केन्द्रित गरेको बताउनुभयो । सार्वजनिक-निजी साझेदारीमार्फत पूर्वाधारको विकास र मूल्य शृङ्खलामा सुधारका लागि प्रोत्साहित गरिएको प्रधानमन्त्रीको कथन छ ।

स्थानीय र परम्परागत खाद्य प्रणालीको पुनरुत्थान गर्नु आफूहरूको प्रमुख प्राथमिकता रहेको स्पष्ट पार्दै प्रधानमन्त्रीले कोदो जस्ता बालीमा लगानीका अलावा चासोसमेत बढेको स्पष्ट पार्नुभयो । अल्पविकसित देशले पर्याप्त भण्डारणको अभाव, बजार, शीत भण्डारण, न्यून यान्त्रिकीकरण, उच्च उत्पादन लागत, कमजोर बजार पहुँच र असमान वितरण प्रणाली जस्ता समस्या भोग्नुपरेको प्रधानमन्त्री प्रचण्डको भनाइ छ ।

खाद्य प्रणालीको रुपान्तरणका लागि सरकार र अन्य सरोकारवालाको क्षमता अभिवृद्धि गर्नु जरुरी भए पनि लगानी अभाव रहेको उहाँको भनाइ छ । प्रधानमन्त्रीले वातावरणको संरक्षण गरी, सबैका लागि दिगो भविष्य सुनिश्चित गर्ने गरी खाद्य प्रणालीमा रूपान्तरण गर्न साझा प्रयास जरुरी रहेकाले सोही मार्गमा अगाडि बढ्न सबैलाई आह्वान गर्नुभयो ।

**प्रधानमन्त्रीसंग आइएफएडीका प्रमुखको भेट**

इटाली भ्रमणमा रहनुभएका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग इन्टर नेसनल फन्ड फर एग्रिकल्चर डेभलपमेन्ट (आइएफएडी) का प्रमुख एल्भारो लाइरोले भेटवार्ता गर्नुभएको छ ।

भेटवार्तामा उहाँहरूबीच आइएफएडी र नेपालबीचको सम्बन्ध, आइएफएडीद्वारा नेपालमा सञ्चालित विभिन्न परियोजनाको समीक्षा भएको थियो । नेपालका कृषि क्षेत्रमा आइएफएडीको सहयोगमा विभिन्न परियोजना सञ्चालित छन् ।

आइएफएडीले विकासशील मुलुकमा गरिबी निवारण र भोकमरी अन्त्यका लागि कृषि क्षेत्रको विकासमा वित्तीय सहयोग गर्दै आएको छ । नेपाल आइएफएडीको सदस्य मुलुक हो । सन् १९७८ मा नेपाल आइएफएडीको सदस्य बनेको थियो ।

**प्रधानमन्त्रीसंग विश्व खाद्य तथा कृषि सङ्गठनका महानिर्देशकको भेटवार्ता**

इटाली भ्रमणमा रहनुभएका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सँग र विश्व खाद्य तथा कृषि सङ्गठनका महानिर्देशक क्यू डोङ्यूले भेटवार्ता भएको छ ।

राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठनको मुख्यालयमा मंगलबार भएको भेटमा कृषि अभ्यासको अभिवृद्धि, खाद्य सुरक्षा र दिगो विकासका विविध विषयमा छलफल भएको प्रधानमन्त्री प्रचण्डको सचिवालयले जनाएको छ ।

विश्वव्यापी रूपमा भोकमरीको अन्त्य गर्ने मानव कल्याणका लागि स्थापित सो संस्था संयुक्त राष्ट्र सङ्घको महत्वपूर्ण निकाय हो । सो संस्थाको नेपालमा सन् १९५१ काम गर्दै आएको छ ।

त्यसअघि प्रधानमन्त्री प्रचण्डसँग इन्टर नेसनल फन्ड फर एग्रिकल्चर डेभलपमेन्ट (आइएफएडी) का प्रमुख एल्भारो लाइरोले भेटवार्ता गर्नुभएको थियो । रासस

# सरकार गठनविरुद्धको रिट सुनुवाइ आज हुने

काठमाण्डु । कोशी प्रदेश सरकार गठन असंवैधानिक भएको भन्ने प्रश्न उठाउँदै दायर गरिएको रिट निवेदनमाथिको सुनुवाइ पूर्ण इजलासमा हुने भएको छ ।

न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई र तिलप्रसाद श्रेष्ठको पूर्ण इजलासमा आज सुनुवाइ हुँदाहुँदै समय नपुगेपछि बुधबारका लागि हेर्दाहेर्दैमा राखिएको हो ।

न्यायाधीशद्वय सुष्मालता माथेमा र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले सोमबार उक्त रिटमाथिको सुनुवाइ पूर्ण इजलासबाट हुने आदेश दिएको थियो ।

कोशी प्रदेशमा मुख्यमन्त्री नियुक्ति प्रक्रिया असंवैधानिक भएको उल्लेख गर्दै गत असार २२ गते निर्वतमान मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो ।

उक्त रिटमाथिको प्रारम्भिक सुनुवाइ गर्दै गत असार २७ गते न्यायाधीश सपनाप्रधान मल्लको एकल इजलासले कोशी प्रदेश सरकारका नाममा दूरगामी असर पर्ने गरी काम नगर्न र लिखित जवाफ पेस गर्न आदेश गरेको थियो । रासस

# नेपाली राजनीतिमा कांग्रेसको विकल्प छैन : नेता कोइराला

काठमाण्डु । नेपाली कांग्रेसका पूर्वमहामन्त्री डा शशाङ्क कोइरालाले नेपाली राजनीतिमा कांग्रेसको विकल्प नभएको बताउनुभएको छ । कांग्रेसका केन्द्रीय पदाधिकारी तथा सदस्यको स्वागत र सम्मानमा मंगलबार यहाँ आयोजना गरेको चियापान कार्यक्रममा उहाँले मुलुकका सबै परिवर्तनको नेतृत्व कांग्रेसले गरेको उल्लेख गर्दै पार्टीभित्र एकता कायम राख्न सके कुनै पनि शक्तिले हराउन नसक्ने बताउनुभयो ।

मुलुकको विकासको संवाहकसमेत कांग्रेस भएको जिकिर गर्दै नेता कोइरालाले मुलुकमा विकास र आर्थिक समृद्धी कांग्रेसले मात्र दिनसक्ने स्पष्ट पार्नुभयो । विगत ६ दिनदेखि जारी पार्टीको केन्द्रीय कार्यसमितिको बैठकले पार्टी र देशको बारेमा गम्भीर समीक्षा गरेकाले कांग्रेसको पक्षमा माहोल सिर्जना भएको उहाँले उल्लेख गर्नुभयो ।

चियापान कार्यक्रममा कांग्रेस सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री गगनकुमार थापा, सहमहामन्त्रीत्रय भीष्मराज आङ्देम्बे, बद्रीप्रसाद पाण्डे र जीवन परियार, कांग्रेस प्रवक्ता एवं अर्थमन्त्री डा प्रकाशशरण महत, नेता डा शेखर कोइरालालगायतको उपस्थिति थियो ।

चियापान कार्यक्रममा कांग्रेसका पूर्व पदाधिकारी, मन्त्री, वर्तमान पदाधिकारी, केन्द्रीय कार्यसमितिका सदस्य, जिल्ला सभापति, महाधिवेशन प्रतिनिधि, महासमिति सदस्यलगायतको उपस्थिति रहेको थियो । रासस

# पत्रकारिताले आफ्नो धर्म छाड्नु हुँदैन : अध्यक्ष बस्नेत



काठमाण्डु । प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले समाज र जनताप्रति पत्रकारिताको ठूलो दायित्व हुने भएकाले आफ्नो धर्म छाड्न नहुने धारणा राख्नुभएको छ ।

नेपाल प्रेस काउन्सिलले मंगलबार यहाँ आयोजना गरेको पत्रकार आचारसंहिता कार्यान्वयनको २८औँ शृङ्खलामा अध्यक्ष बस्नेतले समाजप्रति जिम्मेवारी निर्वाह गर्दै पत्रकारिताले आफ्नो धर्म निर्वाह गर्नुपर्ने बताउनुभयो । उहाँले राज्य र अन्य निकायले नसुनेका समस्या सञ्चारमाध्यमले उजागर गर्नुपर्नेमा जोड दिनुभयो ।

"सरकार र विभिन्न क्षेत्रले नसुनेका कुराहरू सञ्चारमाध्यममा आइदिए हुने थियो भन्ने धेरैको चाहना हुन्छ, सत्य कुरा बाहिर ल्याउनका लागि सञ्चारमाध्यमको भर परेका हुन्छन्", उहाँले भन्नुभयो, "पत्रकारिताले आफ्नो धर्म छोड्यो र आचारसंहिताको पालना नगर्ने हो भने समाज र जनताले गरेको विश्वासप्रति ठूलो धोका हुन्छ ।"

छापा सञ्चारमाध्यमलाई परिष्कृत गर्दै डिजिटल माध्यमलाई समृद्ध बनाउने अवस्थामा आइपुगेको हुनाले अनलाइन पत्रकारितालाई स्वागत गर्नुपर्ने समय भएको उहाँले उल्लेख गर्नुभयो । "डिजिटल मिडियाको विकल्प छैन, पत्रकार को हो ? भन्ने समाजमा प्रश्न उठिरहेको छ", उहाले भन्नुभयो, "युट्युवलगायतका सामाजिक सञ्जालका कारणले पत्रकार को हो भनेर प्रष्ट पार्न जरुरी देखिएको छ, त्यसबारेका काउन्सिलले गृहकार्य गरिरहेको छ ।"

नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले नेपाली पत्रकारिता क्षेत्रलाई श्रम शोषणमुक्त क्षेत्र हो भन्ने भाष्य स्थापना गर्न जरुरी भएको बताउनुभएको छ । "अन्य क्षेत्रमा पनि श्रमको उचित मूल्य पाएका छैनन्, तर त्यो आवाज उठाउने सञ्चार क्षेत्रमा श्रमको शोषण हुनु हुँदैन", उहाँले भन्नुभयो, "अरूका लागि पनि आवाज उठाउने सञ्चार क्षेत्रमै समस्या भयो भने कसरी आवाज उठाउन सकिन्छ ?"

पत्रकारिताप्रतिको जनविश्वास अझ बढाउने गरी काम गर्नका लागि सञ्चारगृह सञ्चालकलाई आग्रह गर्दै उहाँले पत्रकारिताको स्तर खस्किन नदिने गरी काम गर्नुपर्ने र त्यसका लागि पत्रकारको क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सञ्चार संस्था सञ्चालन गर्दा श्रमको सम्मान गर्दै आर्थिकरूपमा सक्षम भएर मात्र सञ्चारमाध्यम सञ्चालन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । साथै श्रमिकले काम गरेबापत पैसा लिन अदालतमा मुद्दा हाल्न जानुपर्ने अवस्था सही नभएको उहाँको भनाइ छ ।

"मिडियामा काम गर्ने अनि पैसा लिन अदालतमा गएर मुद्दा हाल्नुपर्ने अवस्था छ", उहाँले भन्नुभयो, "अदालतले आदेश दिँदा पनि श्रमजीवि पत्रकारले पैसा नपाएको अवस्था देखिएको छ ।" उहाँले श्रमिक र सञ्चालकबीच न्यायिक सम्बन्ध हुनुपर्नेमा जोड दिँदै त्यो भनेको श्रमको सम्मान भएको बताउनुभयो ।

नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्षद्वय तारानाथ दाहाल र डा महेन्द्र विष्टले पनि पत्रकारले आचारसंहिताको प्रभावकारी कार्यावन्यन गर्नुपर्ने विषयमा आ-आफ्नो प्रस्तुति दिनुभयो ।

काउन्सिलले पत्रकार आचारसंहिताको प्रभावकारी कार्यान्वयन र पालना गराउने उद्देश्य मंगलबार ४६ वटा अनलाइनका प्रकाशक र सम्पादकलाई अभिमुखीकरण गराएको छ । काउन्सिलले हालसम्म आठ सय ७६ अनलाइनलाई पत्रकार आचारसंहिताको कार्यान्वयन र पालनाका लागि अभिमुखीकरण गराइसकेको आचारसंहिता अनुगमन महाशाखाका प्रमुख रामशरण बोहराले जानकारी दिनुभयो । रासस

# किसानलाई मल र बीउ अभाव हुन दिँदैनौँ : मन्त्री मोदी

विराटनगर । सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले किसानलाई मल र बीउ अभाव हुन नदिने बताउनुभएको छ । मोरङको लोहन्द्रा खोलामा निर्मित पुलको उद्घाटन गर्दै उहाँले गाउँलाई सहरसँग जोड्न यस्ता पुलबाट मद्दत पुग्ने उल्लेख गर्नुभयो ।



सरकारले किसानलाई मल र बीउका साथै सिँचाइको सुविधा उपउलब्ध गराउन प्राथमिकताका साथ काम गरिरहेको मन्त्री मोदीले बताउनुभयो । सरकारले भ्रष्टाचारका विषयमा शून्य सहनशीलता अपनाएर काम गरिरहेको उहाँको भनाइ थियो । कर्मचारीको सरुवा सरकारले 'सरुवा प्रणाली कार्यदल'ले दिएको प्रतिवेदनका आधारमा गर्ने मन्त्री मोदीले बताउनुभयो ।

> ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव कृष्णप्रसाद नेपालले पाँच दशक अघि बनेको यो नहरको संरचनालाई बलियो बनाउन अध्ययन भएको र केही समयभित्रै सुनसरीको सुनसरी खोला र मोरङको लोहन्द्रा खोलाको पानी नहरमा हाल्ने योजना रहेको जानकारी दिनुभयो ।

कोशी प्रदेशसभा सदस्य जयप्रकाश चौधरीले किसानलाई पर्याप्त सिँचाइको व्यवस्था गर्न आवश्यक भएको उल्लेख गर्दै नहरमा पानीको मात्रा बढाउन सुझाव दिनुभयो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव कृष्णप्रसाद नेपालले पाँच दशक अघि बनेको यो नहरको संरचनालाई बलियो बनाउन अध्ययन भएको र केही समयभित्रै सुनसरीको सुनसरी खोला र मोरङको लोहन्द्रा खोलाको पानी नहरमा हाल्ने योजना रहेको जानकारी दिनुभयो ।

सुनसरी मोरङ सिँचाइ आयोजनाका निर्देशक भीलानन्द यादवले सन् १९७० मा बनेको उक्त नहरबाट सुनसरीमा ४० हजार हेक्टर र मोरङमा २८ हजार हेक्टर जग्गामा सिँचाइ सुविधा पुगिरहेको अवस्थामा यो नहरलाई व्यवस्थित तथा बलियो बनाउन अझै धेरै काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

जल उपभोक्ता केन्द्रीय समन्वय समिति चतरा मूल नहर सुनसरी मोरङ सिँचाइ आयोजनाका अध्यक्ष तपन दासले किसानको जीवनस्तर बढाउन नहरमा बाह्रैमहिना पानी सञ्चालन हुनुपर्ने जिकिर गर्दै नहरलाई व्यवस्थित बनाउन सरकारले योजनावद्धरूपमा काम गर्नुपर्ने धारणा राख्नुभयो । बेलबारी नगरपालिकाका प्रमुख दीलबहादुर राईले नहर र पुल भत्किँदा यहाँ धेरै नागरिकले दुःख पाएको उल्लेख गर्दै निर्माणमा ढिलासुस्ती गर्न नहुने बताउनुभयो ।

सुनसरी मोरङ सिँचाइ आयोजना विराटनगरको चतरामूल नहरको ४१ किमीस्थित सो नहरको साइफन र पुल २०७४ सालको बाढीले बगाएको थियो । बाढीले पुल बगाएपछि पूर्वतर्फको १० हजार हेक्टर जग्गामा नहरको पानी पुग्न सकेको थिएन । यातायातका लागि महत्वपूर्ण मानिएको सो पुल भएर सवारीसाधन आवागमनमा समस्या भएको थियो ।

साइफन र पुलसँगसँगै निर्माण गर्न सुनसरी मोरङ सिँचाइ आयोजनाले रु ३४ करोड २४ लाखमा ठेक्का लगाएको थियो । उक्त पुलको लम्बाई १५३ दशमलव ३० मिटर र चौडाई साढे सात मिटर तथा साइफनको लम्बाई १९४ मिटर रहेको आयोजनाका डिभिजनल इञ्जीनीयर राजेशभक्त पोखरेलले जानकारी दिनुभयो । रासस

# विपक्षी गठबन्धनद्वारा प्रधानमन्त्री मोदीको आलोचना

**बीबीसी**

नयाँ दिल्ली । विपक्षी दलहरूको गठबन्धन 'भारत'को नाममा प्रधानमन्त्री नरेन्द्र मोदीले गरेको खिल्लीमा कांग्रेसलगायत धेरै दलका नेताहरूले तिखो प्रतिक्रिया दिएका छन् । प्रधानमन्त्री मोदीले मंगलबार भाजपा सांसदहरूको बैठकमा कांग्रेस सहित २६ विपक्षी दलहरूको गठबन्धन 'भारत' लाई निशाना बनाए।



संसदको मनसुन सत्रमा पहिलो पटक भाजपा सांसदहरूको बैठकपछि भाजपा प्रवक्ता रविशंकर प्रसादले भने, "प्रधानमन्त्रीले भारतीय राष्ट्रिय दल कांग्रेस एक अङ्ग्रेजले बनाएको बताउनुभयो। ईस्ट इण्डिया कम्पनी पनि अंग्रेजहरूले बनाएको थियो। आजकल मानिसहरूले इन्डियन मुजाहिदीन नाम पनि राख्छन्। भारतीय जनता मोर्चा पनि छ। समाचार एजेन्सी पीटीआईका अनुसार प्रधानमन्त्री नरेन्द्र मोदीले विपक्षीलाई दिशाहीन भन्दै देशको नाम प्रयोग गरेर जनतालाई भ्रममा पार्न नसक्ने बताएका छन् ।

संसदको चालु मनसुन अधिवेशनमा विपक्षी दल र सरकारबीच मंगलबार पहिलो पटक आ-आफ्ना दलका सांसदसँग बैठक बसेको छ । भेटमा प्रधानमन्त्रीले विपक्षी दल भारतको गठबन्धनबारे टिप्पणी गरेका थिए । प्रधानमन्त्रीको यो टिप्पणीको बारेमा जानकारी दिँदै रविशंकर प्रसादले भने, "प्रधानमन्त्री मोदीले नयाँ आशा जगाएको छ। संसारलाई थाहा छ। विपक्षीहरूले पनि यो बुझेका छन्, तर बारम्बार विरोध गर्दैछन्। उनीहरूले सत्तामा आउन चाहँदैनन् भन्ने स्वीकार गरेका छन्।"

**प्रधानमन्त्री आफैं दिशाहीन भए : खर्गे**

कांग्रेस सभापति मल्लिकार्जुन खर्गेले राज्यसभामा भने, "हामी जलिरहेको मणिपुरको कुरा गरिरहेका छौं तर प्रधानमन्त्रीले ईस्ट इन्डिया (कम्पनी) को कुरा गरिरहनुभएको छ र भारत भनेको पूर्वी भारत (कम्पनी) हो।"

पछि उनले ट्वीट गरे, "तपाईंले उत्तर पूर्वमा ऐन ईस्ट नीति देख्नुभएको छैन, तर तपाईं ईस्ट इन्डिया कम्पनी देख्दै हुनुहुन्छ।" यो भारतले ब्रिटिश ईस्ट इन्डिया कम्पनीलाई पराजित गरेको थियो। यो भारतले इन्डियन मुजाहिद्दीनलाई पनि हराएको थियो। मणिपुरमा भइरहेको बर्बरता र भीषण हिंसाबारे संसदमा कहिले बयान दिने ? मणिपुरका जनताको घाउ निको गरेर त्यहाँ शान्ति कहिले आउँछ ? प्रतिपक्षले देशलाई निर्देशन दिएको छ । प्रधानमन्त्री आफैं दिशाहीन बनेका छन् ।

कांग्रेस नेता राहुल गान्धीको पीएम मोदीको 'भारत' को बयान "प्रधानमन्त्री मोदी, तपाई हामीलाई जे भन्नुहुन्छ, हामी भारत हौं।" राहुल गान्धीले ट्वीट गरे, "हामी मणिपुरको घाउ निको पार्न मद्दत गर्नेछौं। हामी मणिपुरका महिला र बालबालिकाको आँसु पुछ्नेछौं। हामी मणिपुरका जनतामा प्रेम र शान्ति फिर्ता ल्याउनेछौं। हामी मणिपुरमा भारतको विचार पुनः निर्माण गर्नेछौं।" कांग्रेसका महासचिव जयराम रमेशले प्रधानमन्त्री '२६ दलको भारतबाट गहिरो दुःखमा परेको' स्पष्ट भएको दाबी गरे।

उनले भने, "प्रधानमन्त्रीको भनाइले लगभग मृत एनडीएलाई नयाँ जीवन दिने प्रयास मात्र गर्दैन, तर आज बिहान उनको टिप्पणीले यसलाई नयाँ नाम दिएको छ - राष्ट्रिय मानहानि गठबन्धन।" "जब जहिले पनि मोदीलाई घेरेको हुन्छ, उहाँ एउटै रणनीति अपनाउनुहुन्छ - अस्वीकार, विचलित, विकृति। भ्रामक र बदनाम गर्ने।

आसामका मुख्यमन्त्री हिमन्त विश्व शर्माले कांग्रेस नेता राहुल गान्धीको ट्वीटमा प्रतिक्रिया दिएका छन्। हिमन्त विश्व शर्माले भने, "श्री गान्धी, यो आधारभूत पूर्वाग्रह वास्तवमा 'भारत' को समस्या हो। भारतमा हाम्रो निष्ठा हरेक नागरिकप्रति छ - चाहे त्यो मणिपुर होस्, राजस्थान होस्, पश्चिम बंगाल होस् वा असम।" भारतले जित्नेछ, भारतले जित्नैपर्छ।

**'भारत'ले प्रधानमन्त्रीलाई 'नर्भासा' दिएको छ : शिवानन्द तिवारी**

पार्टीको सामाजिक सञ्जाल र डिजिटल प्लेटफर्मका प्रमुख सुप्रिया श्रीनेटले ट्वीटरमा भनिन्, "विपक्षलाई गाली गर्दै प्रधानमन्त्री मोदीले 'भारत'लाई राम्रो कि नराम्रो भन्न थाले?" पीएम मोदीको भनाइमाथि प्रश्न गर्दै उनले भने, "एउटा कुरा स्पष्ट छ - तपाईले आफ्नो सस्तो ट्रोल आर्मीलाई निर्देशन दिनुहुन्छ। विपक्षी गलत होइन - तपाई नैतिक दिवालियापनको शिकार हुनुहुन्छ।"

उनले भने, "मुखले खर्च गर्न बन्द गर। हिम्मत जुटाउनुहोस् र मणिपुरमा बोल्नुहोस्।" राजद नेता शिवानन्द तिवारीले भने, 'भारतले प्रधानमन्त्रीको हत्या गरेको छ । कसरी सम्हाल्ने, कसरी प्रतिस्पर्धा गर्ने ! तिनीहरूको समझको ज्योति यहाँ निभ्यो। त्यसैले 'भारत' मा कहिले ईस्ट इन्डिया कम्पनी देख्छन् त कहिले इन्डियन मुजाहिद्दिन ।

उनले भने, 'मोदी जीको मानसिक अवस्थाले मोदीजीमाथि भारतको पहिलो जित भएको प्रमाणित गरिरहेको छ । प्रवचनका रूपमा हरेक विषयमा ज्ञान दिने मोदीजीको ज्ञानको दियोलाई भारतले निभाउने छेउमा ल्याएको छ।

**प्रधानमन्त्रीले संसदमा आएर जवाफ दिनुपर्छ, भाग्नु हुँदैन : तृणमूल कांग्रेस**

"जब जहिले पनि मोदीलाई घेरेको हुन्छ, उहाँ एउटै रणनीति अपनाउनुहुन्छ - अस्वीकार, विचलित, विकृति। भ्रामक र बदनाम गर्ने। आसामका मुख्यमन्त्री हिमन्त विश्व शर्माले कांग्रेस नेता राहुल गान्धीको ट्वीटमा प्रतिक्रिया दिएका छन्। हिमन्त विश्व शर्माले भने, "श्री गान्धी, यो आधारभूत पूर्वाग्रह वास्तवमा 'भारत' को समस्या हो। भारतमा हाम्रो निष्ठा हरेक नागरिकप्रति छ - चाहे त्यो मणिपुर होस्, राजस्थान होस्, पश्चिम बंगाल होस् वा असम।" भारतले जित्नेछ, भारतले जित्नैपर्छ।

**'भारत'ले प्रधानमन्त्रीलाई 'नर्भासा' दिएको छ : शिवानन्द तिवारी**

पार्टीको सामाजिक सञ्जाल र डिजिटल प्लेटफर्मका प्रमुख सुप्रिया श्रीनेटले ट्वीटरमा भनिन्, "विपक्षलाई गाली गर्दै प्रधानमन्त्री मोदीले 'भारत'लाई राम्रो कि नराम्रो भन्न थाले?" पीएम मोदीको भनाइमाथि प्रश्न गर्दै उनले भने, "एउटा कुरा स्पष्ट छ - तपाईले आफ्नो सस्तो ट्रोल आर्मीलाई निर्देशन दिनुहुन्छ। विपक्षी गलत होइन - तपाई नैतिक दिवालियापनको शिकार हुनुहुन्छ।" उनले भने, "मुखले खर्च गर्न बन्द गर। हिम्मत जुटाउनुहोस् र मणिपुरमा बोल्नुहोस्।"

राजद नेता शिवानन्द तिवारीले भने, 'भारतले प्रधानमन्त्रीको हत्या गरेको छ । कसरी सम्हाल्ने, कसरी प्रतिस्पर्धा गर्ने ! तिनीहरूको समझको ज्योति यहाँ निभ्यो। त्यसैले 'भारत' मा कहिले ईस्ट इन्डिया कम्पनी देख्छन् त कहिले इन्डियन मुजाहिद्दिन । उनले भने, 'मोदी जीको मानसिक अवस्थाले मोदीजीमाथि भारतको पहिलो जित भएको प्रमाणित गरिरहेको छ । प्रवचनका रूपमा हरेक विषयमा ज्ञान दिने मोदीजीको ज्ञानको दियोलाई भारतले निभाउने छेउमा ल्याएको छ।

**प्रधानमन्त्रीले संसदमा आएर जवाफ दिनुपर्छ, भाग्नु हुँदैन : तृणमूल कांग्रेस**

तृणमूल कांग्रेसका नेता महुआ मोइत्राले ट्वीट गरे, "यो ठूलो लज्जाको कुरा हो कि बलियो प्रतिपक्षको डर लुकाउने प्रयासमा उनीहरूले भारतलाई अतिवादी संगठनसँग जोडेका छन्।"

I.N.D.I.A ले मणिपुरबाट जवाफदेहिता र जवाफ माग गर्दछ। प्रधानमन्त्रीले संसदमा आएर जवाफ दिनुपर्छ, त्यसबाट भाग्नु हुँदैन । शिवसेनाको उद्धव ठाकरे गुटकी सांसद प्रियंका चतुर्वेदीले भनिन्, "प्रधानमन्त्रीले हाम्रो देश भारतलाई चरमपन्थी सङ्गठनसँग तुलना गर्नु अत्यन्तै दुःखद कुरा हो।" समाजवादी पार्टीकी राज्यसभा सांसद जया बच्चनलाई प्रधानमन्त्री मोदीको बारेमा सोध्दा उनले भनिन्, "म प्रधानमन्त्रीको बारेमा टिप्पणी गर्दिन, उहाँ यो देशको प्रधानमन्त्री हुनुहुन्छ, म उहाँको कुर्सीलाई सम्मान गर्छु।"

मणिपुरको मुद्दामा जया बच्चनले भनिन्, "म भन्छु कि दृण्ढ्द्ध देखि पीएम मोदी र उनको पार्टीले दिएको बयानलाई तुलना गर्नुहोस्, तपाईलाई जवाफ मिल्नेछ। तपाईलाई हरेक प्रश्नको जवाफ मिल्नेछ।" जया बच्चनले भनिन्, "मणिपुरमा पहिले जे भनिएको थियो र आज के भनिरहेका छन्। हेर, म कुर्सीको सम्मान गर्छु, म यसको विरुद्धमा केही बोल्दिन।"

**मणिपुरलाई लिएर सरकार र विपक्षीबीच आरोप-प्रत्यारोप**

वास्तवमा विपक्षी दलहरूले प्रधानमन्त्रीलाई सदनमा आएर विगत साढे दुई महिनादेखि मणिपुरमा भइरहेको हिंसाबारे बयान दिन लगातार माग गरिरहेका छन्। यस विषयमा दुवै पक्षबाट आरोप-प्रत्यारोपको सिलसिला चलिरहेको छ। सदनमा प्रधानमन्त्रीसँग जवाफ मागिएको विषयमा हंगामा भएपछि आम आदमी पार्टीका राज्यसभा सांसद सञ्जय सिंह निलम्बित भएका छन् ।


प्रधानमन्त्रीको मणिपुरमा संसदमा बयान दिनको मागमा भाजपा नेता स्मृति इरानीले भनेकी थिइन् कि विपक्ष आफैंले मणिपुर हिंसाको बारेमा छलफल गर्न चाहँदैन किनभने उनीहरूले राजस्थान र पश्चिम बंगालमा महिला हिंसाको बारेमा कुरा गर्नुपर्दछ।

मणिपुरमा मेइती र कुकी समुदायबीच साढे दुई महिनाभन्दा बढी समयदेखि चलिरहेको हिंसात्मक झडपका बीच दुई महिलाको भिडियो भाइरल भएको थियो । गत हप्ता सार्वजनिक गरिएका यी भिडियोहरूमा यी महिलाहरूलाई नग्न परेड गरेको देखाइएको थियो। भिडियो सार्वजनिक भएपछि विपक्षी दलहरूले प्रधानमन्त्रीलाई संसदमा आएर मणिपुरको विषयमा बयान दिन माग गरिरहेका छन् ।

# पिएसजीसँगको विवादपछि एमबाप्पेलाई साउदीबाट आएको अहिलेसम्मकै महँगो प्रस्ताव

**एजेन्सी**

काठमाण्डु । फ्रेञ्च क्लब पेरिस सेन्ट जर्मेन (पिएसजी) का फरवार्ड केलियन एमबाप्पेका लागि विश्व कीर्तिमानी २५९ मिलियन पाउण्डको प्रस्तावपछि साउदी अरेबियाको टिम अल-हिलालले एमबाप्पेसँग कुरा गर्ने अनुमति पाएको बिबिसीले उल्लेख गरेको छ।



अल-हिलालको यो प्रस्ताव पिएसजीले स्वीकार गरेपछि एमबाप्पेसँग कुरा गर्ने अनुमति दिइएको हो।

२४ वर्षीय फ्रान्सको राष्ट्रिय टिमका कप्तान एमबाप्पे र पिएसजीबीच अझै एक वर्षको सम्झौता बाँकी छ। पिएसजीले गरेको २०२४ पछिको नयाँ सम्झौताको प्रस्तावलाई एमबाप्पेले अस्वीकार गरिसकेका छन्।

जसका कारण पिएसजी र एमबाप्पेबीच विवाद बढेको छ। विवादका कारण एमबाप्पेलाई पिएसजीको एसिया भ्रमणको टिममा समावेश गरिएको छैन।

एमबाप्पेलाई टिममा नराखेपछि फ्रान्सको फुटबलरको युनियनले नैतिक उत्पीडन गरेको आरोप लगाउँदै अदालत जाने चेतावनी दिएको थियो। पिएसजी अर्को सिजनमा एमबाप्पेलाई सित्तैमा क्लब छाड्न दिनुको साट्टो अहिले सम्झौता बाँकी रहेकै अवस्थामा बचेर पैसा असुल्न चाहान्छ।

इंग्लिस क्लबत्रय चेल्सी, म्यानचेस्टर युनाइटेड र टोटेनह्याम, इटालीयन क्लब इन्टर मिलान तथा स्पेनिस क्लब बार्सिलोनाले एमबाप्पेलाई भित्र्याउन चासो व्यक्त गरेको अवस्थामा साउदीबाट आएको प्रस्तावमा कुरा अघि बढेको छ।

यसअघि एमबाप्पेले अर्को सिजन अनुबन्धन सकिएपछि फ्रि ट्रान्फरमा अर्को स्पेनिस क्लब रियल म्याड्रिडमा जाने बताएका थिए।

तर पिएसजी त्यसो हुन नदिने योजनामा छ। यो सिजन अर्को क्लबमा लोनमा पठाएर पैसा असुल गर्ने र अर्को सिजन क्लब छाड्न दिने पिएसजीको अर्को प्रस्ताव छ। त्यसका लागि पिएसजीले अहिले लोनमा रियलमा जान अनुमति दिने विश्वास गरिएको छ।

पिएसजीका अध्यक्ष नासेर अल-खेलाफीले एमबाप्पेको सम्झौताका लागि कडा अडान जारी राखेका छन्।

पिएसजी र एमबाप्पेबीच विवाद बढिरहेको बेलमा साउदी क्लबले ल्याएको प्रस्तावले पिएसजी उत्साहित हुन सक्छ। तर एमबाप्पेले आफू युरोपमा खेल्ने वा युरोप बाहिर खेल्नेबारे निर्णय गर्न बाँकी छ। साउदी क्लबसँग कुरा गर्ने अनुमति पाएसँगै एमबाप्पे र अल-हिलालले सम्झौता गर्ने/नगर्ने विषयमा ठोस निर्णय गर्ने अपेक्षा गरिएको छ।

अल-हिलाल साउदी अरेबियाको सार्वजनिक लगानी कोषको स्वामित्वमा रहेको एक क्लब हो। क्लबले यो सिजन इंग्लिस प्रिमियर लिग खेलिसकेका रुबेन नेभ्स र कौलिबालीलाई अनुबन्धन गरेको छ।

सन् २०१७ मा एमबाप्पे अर्को फ्रेञ्च क्लब मोनाकोबाट १६५.७ मिलियन पाउन्डमा पिएसजी आएका थिए। एमबाप्पे पिएसजीका प्रमुख खेलाडी हुन्। उनले २६० खेल खेल्दै २१२ गोल गरिसकेका छन्।

फ्रान्सलाई २०१८ को विश्वकप जिताउन उत्कृष्ट प्रदर्शन गरेका एमबाप्पेले २०२२ को फाइनलमा अर्जेन्टिनासँग पराजित हुँदा ह्याट्रिक गरेका थिए।

२०२२ को अन्त्यमा उनी स्पेनिस क्लब रियल म्याड्रिड जाने अपेक्षा गरिएको थियो। तर पिएसजीमा दुई वर्षको नयाँ सम्झौतामा हस्ताक्षर गरेपछि सबै चकित परेका थिए।

# लोकसभा बैठकमा विपक्षीको विरोध

**एएनआई**

नयाँदिल्ली । मणिपुरमा जारी हिंसाको विस्तृत विवरण सदनमा प्रस्तुत गर्नुपर्ने तथा मणिपुरका सम्बन्धमा प्रधानमन्त्री नरेन्द्र मोदीले वास्तविकता जानकारी गराउनुपर्ने माग गर्दै विपक्षी दलहरूले विरोध जारी राखेपछि लोकसभाको बैठक स्थगन भएको छ ।

प्रश्नोत्तरको समय सुरु भएलगत्तै विपक्षी दलहरुले विरोध गरेका थिए । सभामुख ओम बिरलाले विपक्षी सदस्यहरूलाई आफ्नो सिटमा बस्न आग्रह गर्दै प्रश्नोत्तरकालले सरकारको जवाफदेहितालाई व्यवस्थित गर्न मद्दत गर्ने भएकाले सदन सञ्चालन हुनुपर्ने तर्क गर्नुभयो । उहाँले विरोधस्वरुप प्लेकार्ड देखाउनु र नारा लगाउनु कुनै पनि समस्याको समाधान नभएको बरु त्यो संसदीय परम्परा विरुद्ध भएको बताउनुभयो । साथै उहाँले अपराह्न दुई बजेसम्मका लागि सदन स्थगन भएको घोषणा गर्नुभयो ।

कांग्रेस र अन्य विपक्षी दलहरूले आजको कार्यसूचीका विषयलाई हटाएर मणिपुरको स्थितिबारे छलफल गर्नुपर्ने र प्रधानमन्त्रीले जवाफ दिनुपर्ने माग गर्दै आएका छन् । यही साउन ४ गतेदेखि शुरु भएको संसद्को हिउँदे अधिवेशन प्रारम्भदेखि नै अवरुद्ध हुँदै आएको छ ।

# बङ्गलादेशमा यो बर्ष डेङ्गुका कारण १८५ जनाको मृत्यु

**सिन्ह्वा**

ढाका । बङ्गलादेशमा यस वर्ष डेङ्गुका कारण मृत्यु हुनेको संख्याया १८५ पुगेको स्वास्थ्य सेवा महानिर्देशनालय (डिएफएचएस) ले मङ्गलबार जनाएको छ ।

सङ्क्रमितको स‌‌ङ्ख्‍या ३५ हजार २७० पुगेको स्वास्थ्य मन्त्रालय अन्तर्गतको महानिर्देशनालयको तथ्याङ्कमा उल्लेख छ ।

स्थानीय समयअनुसार सोमबार बिहान ८:०० बजेसम्म पछिल्लो २४ घण्टामा लामखुट्टेको टोकाइबाट सर्ने रोग डेङ्गुका कारण नौ जनाको मृत्यु भएको र यो महिना अहिलेसम्म मृत्यु हुनेको संख्या १३८ पुगेको महानिर्देशनालयले पुष्टि गरेको छ ।

महानिर्देशनालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार गत महिना पाँच हजार ९५६ जनामा लामखुट्टेको टोकाइबाट डेङ्गु को सङ्क्रमण देखिएपछि जुलाईको पहिलो २४ दिनमा थप २७ हजार २९२ जनामा डेङ्गुको सङ्क्रमण देखिएको थियो । यो अवधिमा ढाकामा एक हजार २३८ सहित दुई हजार २९३ जना नयाँ डेङ्गुका बिरामी फेला परेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । यस वर्षको जनवरी १ देखि जुलाई २४ सम्म देशभरका विभिन्न अस्पतालबाट उपचार गराएर २७ हजार ६२२ जना डेङ्गुका बिरामी घर फर्केका छन् ।

डेङ्गुको बढ्दो संख्यासँग जुध्न बङ्गलादेशका स्वास्थ्य अधिकारीहरूले लामखुट्टेको प्रजनन रोक्न र लार्भा विरोधी अभियान सञ्चालन गर्न उपायहरू कडा पारेका छन् ।

# रूसी रक्षामन्त्री उत्तर कोरिया भ्रमण गर्दै

**एएफपी**

सोल । रूसका रक्षामन्त्री सर्गेई शोइगु कोरियाली युद्धविरामको वार्षिकोत्सव मनाउन उत्तर कोरियाको भ्रमणमा जानुहुने भएको छ ।



प्योङ्याङको सरकारी समाचार माध्यमले कोरोना महामारीलगायत कारणबाट लामो समयसम्म हुननसकेका उच्चस्तरीय भ्रमण एवम् आदानप्रदान अब पुनःखुल्ने जनाएको छ ।

चिनियाँ प्रतिनिधिमण्डल पनि सोही कार्यक्रममा सहभागी हुने पुष्टि भएको भोलिपल्ट रुसी रक्षामन्त्रीको घोषणा सार्वजनिक भएको हो ।

रक्षा मन्त्री सर्गेई शोइगुको नेतृत्वमा रूसी महासङ्घको एक सैन्य प्रतिनिधिमण्डल यसैसाता प्योङ्योङ पुग्ने बताइएको छ । युद्धविरामको वार्षिकोत्सवमा धेरै चिनियाँ कूटनीतिज्ञ उपस्थित हुन जनाएको छ। विश्वबाट एक्लिएको उत्तरका सिमाना सन् २०२० मा कोभिड महामारीका कारण बन्द भएको थियो । प्योङ्याङले युद्धविराममा हस्ताक्षर गरेको ७० वर्ष पूरा भएको अवसरलाई विजय दिवसका रुपमा मनाउन यो साता ठूलो सैन्य परेडलगायत कार्यक्रम आयोजना हुने अपेक्षा गरिएको सोलस्थित एनके न्यूजले जनाएको छ ।

# न्यायिक प्रणाली परिमार्जन विधेयक पारित भएपछि इजरायलमा व्यापक असन्तुष्टि

**एएफपी**

जेरुसेलम । इजरायली संसद्ले देशको न्यायिक प्रणालीलाई परिमार्जन गर्ने विवादास्पद योजनाको मुख्य विधेयक पारित गरेसँगै नागरिकमा व्यापक असन्तुष्टि छाएको छ । लगातार २९ हप्तासम्म भएको विरोधप्रदर्शनका बाबजुद विधेयक पारित भएकामा आम नागरिक आक्रोशित भएका छन् ।

विवादास्पद न्यायिक सुधार विधेयकमा सदनमा नै स्पष्ट विभाजन भए पनि मतदानमार्फत पारित भएपछि पेशाकर्मीलगायत सर्वसाधारण आम हडताल र विरोध प्रदर्शनको तयारीमा जुटेका छन् । इजरायली दुई खेमामा विभाजित भएका छन्भने इजरायलका विदेशी सहयोगीले विधेयक पारित भएकामा त्यसको आलोचना गरेका छन् ।

प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको कट्टर दक्षिणपन्थी सरकारले सोमबार विधेयक पारित गरेपछि त्यसको विरोधमा आज चिकित्सक प्रदर्शनमा उत्रेका छन् । विपक्षीहरूले पनि सडकमा उत्रन आह्वान गरेका छन् जसले कानुन कार्यान्वयनमा चुनौती थपेको छभने सडकमा झडप निम्त्याएको छ । इजरायल मेडिकल एसोसिएसनका प्रमुख सियोन हागेले काम नगर्ने घोषणा गर्दै विरोध जनाएका छन् ।

सोमबार मतदान अघि सबै ५६ जना विपक्षी सांसदले विधेयकका प्रतिलिपिहरू च्यात्नका साथै त्यसको विरोधमा नारा लगाएर मतदान बहिष्कार गरेका थिए । विधेयकको विरोधमा जेरुसेलम र तेल अविभमा पनि प्रदर्शन भएका थिए ।

संसद् भवन बाहिर हजारौं प्रदर्शनकारीले इजरायली झण्डा फहराउँदै जुलुस निकालेका थिए । प्रहरीले पानीको फोहोरा हानेर उनीहरूलाई तितरबितर पार्ने प्रयास गरेको थियो ।

मतदानपछि संसद्लाई सम्बोधन गर्दै न्याय मन्त्री यारिभ लेभिनले न्यायिक प्रणालीलाई सुधार गर्ने र सरकारलाई शक्ति फिर्ता गर्ने ऐतिहासिक प्रक्रियाको पहिलो चरण भन्दै त्यसको स्वागत गरेका थिए ।

# भवन भत्किँदा सैतिस जनाले ज्यान गुमाए

**एएफपी**

य ा उ ण ड े (क्यामरुन) । क्यामरुनको व्यापारिक केन्द्र दोउलास्थित एउटा चारतले भवन भत्कँदा ३७ जनाले ज्यान गुमाएका छन् भने अन्य २१ जना घाइते भएका छन् । भत्केको भवन अर्को आवासीय भवनमा खसेको थियो ।

शनिबार र आइतबार राति उक्त घटना भएको क्षेत्रीय गभर्नरले एएफपीलाई बताए । घाइतेमध्ये पाँच जनाको अवस्था गम्भीर छ । मृतकको स‌ङ्ख्‍या बढ्नसक्ने उल्लेख गर्दै उनले खोजी जारी रहेको बताएका छन् ।

स्थानीय अस्पतालका अनुसार भवनको भग्नावशेषबाट जीवित उद्धार गरिएका १३ जनाको उपचार भइरहेको छ । ती मध्ये एक तीन वर्षीया बालिका र १९ वर्षकी युवतीको मृत्यु भएको छ । भवन भत्केको खबर पाउने वित्तिकै घटनास्थल पुगेका एक जना समाजसेवीले एउटा शिशुलाई बिना कुनै चोटपटक सकुशल उद्धार गरिएको बताएका छन् ।

घटनास्थल पुगेको क्यामरुनका शहरी विकासमन्त्री सेलेष्टिन केचा कुर्टेसले भत्केको भवनका मालिकले बिना अनुमति घर बनाएको बताइन् ।

# बीस वर्षपछि महिलालाई मृत्युदण्ड




**एएफपी**

सिङ्गापुर । मृत्युदण्डलाई प्रभावकारी अपराध निरोधक दाबी गर्दै आएको सिङ्गापुरले लागुऔषध तस्करीमा दोषी ठहरिएका दुई जनालाई यसै साता मृत्युदण्ड दिने तयारी गरेको छ ।

सरिदेवी जामानी भनेर चिनिने ४५ वर्षीया महिला र ५६ वर्षीय पुरुषलाई फाँसी दिन लागिएको अधिकारवादी सङ्गठन ट्रान्सफर्मेटिभ जस्टिस कलेक्टिभ (टिजेसी)ले जनाएको छ ।

सिङ्गापुरले २० वर्षपछि पहिलोपटक महिलालाई झुन्ड्याएर मृत्युदण्ड दिन लागेको हो ।

टिजेसीका अनुसार पचास ग्राम हेरोइन तस्करी गरेको अभियोगमा दोषी ठहर भएका ती पुरुषलाई बुधबार चङ्गी जेलमा र ३० ग्राम हेरोइन तस्करी गरेको अभियोगमा मृत्युदण्डको सजाय सुनाइएकी जामानीलाई शुक्रबार फाँसी दिइनेछ ।

सन् २०१८ मा उनीहरूलाई मृत्युदण्डको सजाय सुनाइएको थियो । दण्ड पाउने दुवै सिङ्गापुरका नागरिक हुन् । उनीहरूका परिवारले उनीहरूको मृत्युदण्डको मिति निर्धारण गरिएको सूचना प्रदान गरिएको छ ।

मानवअधिकारवादी संस्था एम्नेस्टी इन्टरनेशनलले निर्धारित मृत्युदण्ड रोक्न आग्रह गरेको छ । टिजेसीले पनि मृत्युदण्ड रोक्न आग्रह गर्दै आएको छ ।

सिङ्गापुरले लागुऔषध नियन्त्रणको नाममा मृत्युदण्ड दिने क्रम जारी राख्नु अनुचित भएको टिप्पणी एम्नेस्टीले गरेको छ ।

विश्वका धेरै देशले मृत्युदण्डको सजाय परित्याग गर्दै लागू औषधसम्बन्धी मुद्दा सम्बोधनका निम्ति उदार नीति अङ्गीकार गरिरहेको परिप्रक्ष्यमा सिङ्गापुरले त्यसलाई मनन नगर्नु दुर्भाग्यपूर्ण भएको एम्नेस्टीले बताएको छ ।

कोभिड-१९ को महामारीमा दुई वर्षको अन्तरालपछि सरकारले फाँसीको सजाय पुनःकार्यान्वयन गरेपछि कम्तीमा १३ जनालाई फाँसी भइसकेको छ ।



सुनसरीको इनरुवामा धान रोप्नलाई बिउ काड्दै किसान । साउनको पहिलो सातासम्म सुनसरीमा ७५ प्रतिशत रोपाइँ सम्पन्न भएको कृषि ज्ञान केन्द्र सुनसरीले जनाएको छ। *तस्बिर : रासस*

# पूर्वीनाकाबाट रु छ अर्बको तरकारी र फलफूल आयात

झापा । पूर्वीनाका काँकडभिट्टाबाट एक वर्षमा रु छ अर्ब २९ करोड ९१ लाख ४९ हजारको तरकारी र फलफूल आयात भएको छ । काँकडभिट्टास्थित प्लान्ट क्वारेन्टिन कार्यालयका सूचना अधिकारी चन्द्रकिशोर ठाकुरका अनुसार आर्थिक वर्ष २०७९/८० मा पूर्वी नाकबाट रु तीन अर्ब ३५ करोड नौ लाख ८१ हजार मूल्य बराबरको ताजा तरकारी र रु दुई अर्ब ९४ करोड ८१ लाख ६८ हजार मूल्य बराबरको फलफूल आयात भएको हो ।

स्वदेशमा उत्पादन भइरहेको र अझ बढी उत्पादनको सम्भावना रहेको तरकारी र फलफूल नै भारतबाट आयात भएको पाइएको छ। कार्यालयको तथ्याङ्कअनुसार आव २०७९/८० मा पूर्वी नाका हुँदै रु ८० करोड ९९ लाख ८४ हजार मूल्य बराबरको २५ हजार तीन सय १२ मेट्रिकटन प्याज, रु ६० करोड ८१ लाख ६० हजार मूल्य बराबरको ३८ हजार १० मेट्रिक टन गोलभैँडा र रु ३१ करोड ९८ लाख आठ हजार मूल्य बराबरको १९ हजार ९८८ मेट्रिकटन करेला भारतबाट आयात भएको छ।




प्याज, गोलभैँडा र करेला भारतबाट आयात हुने प्रमुख तरकारी हुन् । यसैगरी, सोही अवधिमा काँकडभिट्टाबाट रु ६८ करोड ५८ लाख मूल्य बराबरको छ सय ७१ मेट्रिकटन स्याउ र रु ६२ करोड १२ लाख ४० हजार मूल्य बराबरको १५ हजार पाँच सय ३१ मेट्रिकटन भूइँकटहर नेपालले आयात गरेको छ । भारतबाट आयात हुने प्रमुख फलफूलमा स्याउ, भूइँकटहर, सुन्तला, ड्रागन फ्रुट र काँचो नरिवल रहेका छन् । कार्यालयका सूचना अधिकारी ठाकुरका अनुसार विगत एक वर्षमा भारतबाट रु ३७ करोड चार लाख ६४ हजार मूल्य बराबरको सात हजार सात सय १८ मेट्रिकटन सुन्तला र रु १९ करोड ५६ लाख २४ हजार मूल्य बराबरको पाँच सय ५२ मेट्रिक टन काँचो नरिवल आयात भएको थियो ।

एक वर्षमा पूर्वी नाकाबाट रु १९ करोड ६६ लाख आठ हजार मूल्यको तीन हजार ७२ मेट्रिकटन अङ्गुर र रु २६ करोड ५२ लाख ४८ हजार मूल्य बराबरको दुई हजार सात सय ६३ मेट्रिकटन अनार आयात भएको थियो । पछिल्लो समय पूर्वी नेपालको इलाम, पाँचथर, धनकुटा, तेह्रथुमलगायत जिल्लामा किबी र झापा, मोरङ, सुनसरीलगायत विभिन्न जिल्लामा ड्रागन फ्रुटको व्यावसायिक खेती हुन थाले पनि भारतबाट आउने ती फलफूलको आयात रोकिन सकेको छैन । रासस

# भदौदेखि देशभरका यातायात कार्यालयमा अनलाइन सेवा सुरु गरिने

काठमाण्डु । भदौदेखि देशभरका सबै यातायात कार्यालयको सेवा अनलाइन प्रविधिमार्फत प्रदान गरिने भएको छ । यातायात क्षेत्र सुधारका लागि सङ्घीय सरकार र सात प्रदेशका मन्त्री र सचिवको बैठकले ११ बुँदे सामूहिक घोषणपत्र जारी गर्दै अनलाइन भुक्तानीसहितको विद्युतीय सेवा लागू गरिने निर्णय गरेको हो । चालक अनुमतिपत्रसम्बन्धी सेवालाई प्रविधिमैत्री बनाउन र यातायात कार्यालयहरूमा देखिने भीड हटाउन आगामी भदौ महिनादेखि सबै यातायात कार्यालयमा विद्युतीय सेवा विस्तार गर्न लागिएको हो ।

हाल गण्डकी प्रदेशको पोखरामा मात्र यो सेवा सञ्चालनमा छ । उक्त कार्यालयमा अनलाइन सेवा सफल र प्रभावकारी भएपछि देशभर लागू गर्न लागिएको घोषणापत्रमा उल्लेख छ। इम्बोष्ट नम्बर जडानलाई पनि प्राथमिकता दिइने निर्णय गरिएको छ। सरकारी सवारी साधनमा पहिले इम्बोष्ट नम्बर अनिवार्य गर्ने र त्यसपछि निजी र सार्वजनिक सवारी साधनमा पनि लागू गर्ने गरी तयारी थालिएको छ । इम्बोष्ट नम्बर जडान नभए उसको नवीकरण रोक्नेसम्मको निर्णय भएको घोषणापत्रमा उल्लेख छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सातै प्रदेशका प्रदेश सरकारले यातायात क्षेत्र सुधारका लागि धुलिखेल घोषणापत्र जारी गरेका हुन् । यातायात क्षेत्र सुधार र कार्यान्वयन योजना बनाउन भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला,सातै प्रदेशका यातायातमन्त्री, सचिव र दुई प्रदेशका मुख्यमन्त्रीसहित काभ्रेको धुलिखेलमा बैठक भएको थियो।

दुई दिनसम्म चलेको बैठकले यातायात क्षेत्रका समस्या पहिचान गरी ती समस्या मिति नै तोकेर समाधन खोज्नेगरी घोषणापत्र जारी भएको मन्त्री ज्वालाले बताउनुभयो। यातायात क्षेत्रको रोग पत्ता लगाएर उपचारको विधि पनि तत्काल सुरु गर्ने गरी घोषणापत्र जारी गरिएको उहाँको भनाइ थियो । मन्त्री ज्वालाले भन्नुभयो, "यातायात क्षेत्रमा अहिले गरिएका निर्णयहरू कोसेढुङ्गा साबित हुने विश्वास हामीले लिएका छौँ।"

यातायात व्यवस्था विभागबाहेक सबै कार्यालयहरू प्रदेश मातहत छन्। सङ्घीय सरकारले ऐन, कानुन र अन्य कुराको सहजीकरण गर्छ भने प्रदेश सरकारले कार्यान्वयन गर्दछ। कानुन बनाउने र लागू गर्ने केन्द्र र प्रदेश सरकारबीचको एउटा महत्वपूर्ण समन्वय बैठक सम्पन्न भएको यातायात व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो।

समन्वय बैठकमा मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव र लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरी सहभागी हुनुहुन्थ्यो। यी दुई प्रदेशको यातायात मन्त्रालय मुख्यमन्त्रीसँग भएका कारण उहाँहरू उपस्थित हुनुभएको हो। अन्य प्रदेशबाट यातायातमन्त्री र सचिवको सहभागिता थियो भने भौतिक पूर्वाधार मन्त्रालयका सचिव केशवकुमार शर्मा, सहसचिव अर्जुनजङ्ग थापा, रघुराम बिष्टलगायतको पनि सहभागिता थियो।

सो बैठकले सवारी चालक अनुमतिपत्र, स्मार्टचालक अनुमतिपत्रको छपाइ, इम्बोस्ड नम्बर प्लेट, पुराना सवारी साधनको लगत कट्टा, राइड शेयरिङ, विदेशी सवारी चालकको नेपालीकरण, वैज्ञानिक भाडादर निर्धारणजस्ता विषयमा समन्वय गरेर काम गर्ने निर्णयसमेत गरेको छ।

**कम हुँदै यातायात व्यवस्था कार्यालयको भीड**

चावहिलकी सरिता रिजाल दिउसो एक बजे एकान्तकुनास्थित यातायात व्यवस्था कार्यालय पुग्नुभएको थियो। त्यहाँ बिहानै पुगे दिनभरमा काम सकिने भए पनि ढिला पुगेकाले अर्को दिन पनि आउनुपर्नेमा उहाँमा चिन्ता थियो।

कार्यालय पुगेको झण्डै आधा घण्टामै चालक अनुमतिपत्र लिएर बाहिरिँदा रिजाल खुसी देखिनुहुन्थ्यो। आफूले सोचभन्दा कम समयमै काम भएकाले उहाँमा खुसी छाएको हो। डेढवर्ष पहिले चालक अनुमतिपत्र नवीकरणका लागि आउँदा दिनभर लागेको थियो। तीन ठाउँमा लाम बसेर बल्ल कार्यालय समय सकिनु पहिले काम भएको रिजालले सम्झनुभयो । सेवाग्राही जो चाँडो आयो उसले पहिले र पछि आउने सेवाग्राहीले पछि सेवा पाएका थिए। उहाँले भन्नुभयो, "भीड कम भएर हो कि किन हो चाँडै लाइसेन्स लिन सकियो।"




बाह्रै महिना र बिहानदेखि साँझैसम्म भीडभाड देखिने एकान्तकुनास्थित उक्त कार्यालयको चालक अननुमतिपत्र शाखामा विगतमा भन्दा सेवाग्राहीको भीड केही कम भएको छ। सेवा लिन आउने सेवाग्राहीको सङ्ख्या कम हुनु, टोकन लागु हुनु, काउन्टर थप हुनु, परीक्षामा ७० प्रतिशत आउँदा पास गर्ने प्रणाली लागु हुनुलगायत कारणले भीडभाड केही व्यवस्थित भएको कार्यालयले जनाएको छ।

पहिले एउटै काउन्टरबाट नवीकरण र नयाँ चालक अनुमतिपत्रको काम भइरहेकाले एउटा ठाउँमा भीड थुप्रिएको भए पनि अहिले त्यो व्यवस्थित गरिएको कार्यालयका प्रमुख राजकुमार कपालीले बताउनुभयो । नवीकरण र नयाँ चालक अनुमतिपत्रका लागि छुट्टाछुट्टै काउन्टरको व्यवस्था गरिएको छ । उहाँले भन्नुभयो, "कार्यालयलाई सेवा दिन पनि सजिलो र सेवाग्राहीलाई पनि सजिलो भएको छ।"

कार्यालयमा चार पाँच वर्ष पहिलेसम्म बिहान चारपाँच बजे पहिलेदेखि नै लाम हुने गरेको थियो। कार्यालयमा सेवाग्राहीको चाप व्यवस्थित गर्न कोभिडपछि कार्यालय सञ्चालन गर्दा अनलाइनबाट फारम लिन थालिएको थियो । अहिले सेवाग्राहीले फारम भरिसकेर मेडिकल जाँचका लागि मात्रै आउनु परेकाले पनि यहाँको भीड कम भएको हो।

गत वर्षसम्म पनि बिहान ६ बजेदेखि लाम हुने गरेकामा अहिले बिहान साढे नौ बजेभन्दा अघि मान्छे आउने नगरको कार्यालय प्रमुख कपालीले बताउनुभयो । पहिलो पटक अनुमतिपत्रको फारम भरिसकेर त्यसको स्वीकृत गर्ने मान्छे मात्रै चाँडै आउने गरेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "एक दिन स्वास्थ्य जाँच गराएर फारम बुझाएपछि अर्को दिन लिखित र त्यो पास हुँदा ट्रायल हुने गरेको छ।"कामाडौँ उपत्यकाका अरु यातायात कार्यालयसँगै यो कार्यालयले गत फागुनदेखि चालक अनुमतिपत्रको परीक्षामा ७० प्रतिशत ल्याउँदा पास हुने व्यवस्था लागू गरिएकाले पास हुनेको सङ्ख्या बढेको हो । पासदर घट्दा त्यसले भीडभाड कम गरेको कार्यालयले जनाएको छ।

विगतमा कार्यालयमा दरबन्दीअनुसार जनशक्ति नहुने समस्या थियो । अहिले दरबन्दीभन्दा बढी कार्यरत छन् । विगतमा कार्यरत कर्मचारीमध्ये कतिपय काम कारबाहीमा त कतिपय निलम्बनमा पर्दा पनि यहाँ जनशक्ति कम हुने गरेको थियो। पहिले कर्मचारी सरुवा हुन नमान्ने वा सरुवा भए पनि छिटै फर्किने गरेका थिए । कतिपय कर्मचारी एक महिना बसेर जागिर जाने डरले गइहाल्ने गरेको त्यहाँ कार्यरत कर्मचारीको भनाइ थियो। अहिले दरबन्दीभन्दा बढी कार्यरत रहँदा काम गर्न सजिलो भएको प्रमुख कपालीले बताउनुभयो।

काठमाडौँ उपत्यका मात्रै होइन देशभरका यातायात कार्यालयमध्ये सबैभन्दा बढी सेवाग्राहीको चाप यही कार्यालयमा रहेको छ । पहिले उपत्यकामा यो मात्रै कार्यालय थियो। पहिले एउटा अञ्चलबाट अर्को अञ्चलीकरण गर्न मिल्ने व्यवस्था थियो। त्यतिबेला धेरैले यहीँ सारेका थिए। विसं. २०७६ देखि भने एउटा प्रदेशबाट अर्को प्रदेशमा सार्न नमिल्ने भएको प्रमुख कपालीले बताउनुभयो।

सरकारको सबै क्षेत्रमा कागजरहित सरकार बनाउने अवधारणा छ । यातायात कार्यालयको भने फारम लिने र राजस्व बैंककमा जम्मा गर्ने बाहेक स्वास्थ्य जाँचलगायत कामका लागि कार्यालय आउनुपर्ने व्यवस्था छ। रासस

# तोरी फलाउने किसानलाई अनुदान रकम वितरण

खोटाङ । केपिलासगढी गाउँपालिकाले व्यावसायिकरूपमा तोरी उत्पादन गर्ने किसानलाई अनुदान बापतको रकम उपलब्ध गराउन थालेको छ। आर्थिक वर्ष २०७९/०८० को गाउँसभाबाट स्वीकृत कृषि विकास कार्यक्रमअन्तरगत गाउँपालिकाले व्यवसायिकरूपमा तोरी उत्पादन किसानलाई खेती गरेको जग्गाको क्षेत्रफल र उत्पादन भएको तोरीको मात्राको आधारमा मूल्याङ्कन गरेर अनुदान बापतको रकम उपलब्ध गराउन थालेको हो।



गाउँपालिकाले वडा नं. १स्थित फेदीका २७ किसानका लागि रु एक लाख ३२ हजार २५०, खार्ताम्छाका २८ किसानका लागि रु एक लाख ३४ हजार २५० र बास्पानीका ४५ किसानका लागि रु एक लाख ६६ हजार ५०० वितरण गरेको जनाइएको छ । फेदीबाट थालिएको अनुदान बापतको रकम वितरण अभियान सबै वडामा पुगेर सम्बन्धित किसानको हातमा पुऱ्याइने गाउँपालिकाले जनाएको छ।

व्यवसायिक तोरी खेतीका माध्यमबाट किसानलाई स्वरोजगार बनाउँदै आयातित खाने तेल विस्थापित गर्ने उद्देश्यले किसानलाई अनुदान दिने कार्यक्रम ल्याइएको गाउँपालिका प्रमुख समिर राईले बताउनुभयो। "किसानलाई व्यवसायिकरूपमा तोरी खेती गर्न उत्प्रेरित गर्ने, तोरीको उत्पादन बढाउने, बजारीकरण गर्ने र गाउँपालिकालाई खाने तेलमा आत्मनिर्भर बनाउने लक्ष्यका साथ 'तोरी किसान अनुदान कार्यक्रम' अघि सारिएको हो", उहाँले भन्नुभयो, "गाउँपालिकाको गौरवको योजनाकारूपमा ल्याइएको तोरी खेती प्रवर्द्धन कार्यक्रमले कृषकको आयआर्जनमा टेवा पुग्नाका साथै वातावरण सन्तुलनमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ।"

तोरी खेती प्रोत्साहनका लागि तयार गरिएको अनुदान कार्यक्रमअन्तर्गत गाउँपालिकाबाट अनुदान पाउन किसानले कम्तीमा तीन रोपनी जग्गामा तोरी खेती लगाउनुपर्ने वा कम्तीमा दुई मुरी तोरी उत्पादन गर्नुपर्ने कार्यविधिमा उल्लेख छ। गाउँपालिकाका प्रमुख संयोजक रहेको अनुगमन तथा मुल्याङ्कन समितिको सिफारिसका आधारमा कृषक, कृषि फार्म र कृषक समूहलाई बैङ्क खातामा अनुदान उपलब्ध गराइने भएको छ।

कम्तीमा तीन रोपनी वा सोभन्दा बढी जग्गामा तोरी खेती लगाउने किसानलाई प्रतिरोपनी रु एक हजार र कम्तीमा दुई मुरी वा सोभन्दा बढी तोरी फलाउने किसानलाई प्रतिमुरी रु दुई हजार ५०० का दरले अनुदान उपलब्ध गराइएको कृषि शाखाले जनाएको छ । गाउँपालिकाबाट अनुदान पाउनका लागि कम्तिमा तीन रोपनी जग्गामा तोरी खेती लगाउनुपर्छ अथवा कम्तिमा दुई मुरी तोरी उत्पादन गर्नुपर्ने हुन्छ।

तीन रोपनीभन्दा थोरै जग्गामा दुई मुरीसम्म तोरी उत्पादन गर्ने किसानले पनि अनुदान पाउने गाउँपालिकाले जनाएको छ। जग्गाको क्षेत्रफलको आधारमा अनुदान लिने की तोरी उत्पादन गरेर मुरीको आधारमा अनुदान लिने भन्ने निर्णय किसानले नै गर्नेछन्। गाउँमा खपत भएपछि बाँकी रहेको तोरीको तेल निर्यात गर्ने लक्ष्य राखिएको गाउँपालिका प्रमुख राईले जानकारी दिनुभयो।

सात वडा रहेको उक्त गाउँपालिकाका सबैजसो ठाउँमा तोरी खेती हुने कृषि शाखाले जनाएको छ । कतिपय किसानले तेलकै लागि पनि तोरी खेती लगाउने गरेका छन् । खाने तेलमा आत्मनिर्भर भए वार्षिक करिब रु सात करोड गाउँपालिकाबाट बाहिर नजाने वडा नं. १स्थित फेदीका बासिन्दा लक्ष्मण साम्पाङ 'समिप'ले बताउनुभयो । हालको जनसङ्ख्यालाई आधार मान्दा केपिलासगढीमा वार्षिक रु छ करोड ५० लाखदेखि रु सात करोडको हाराहारीमा खाने तेल भित्रिने गरेको गाउँपालिकाको तथ्याङ्कले देखाएको छ।

खाने तेलमा बाहिरिने रकमलाई आफ्नै गाउँपालिकामा राख्ने वातावरण बनाउन तोरी खेती गर्ने कृषकलाई अनुदान बापतको रकम उपलब्ध गराउने कार्यक्रम लागू गरिएको गाउँपालिका उपप्रमुख गुरुराज राईले बताउनुभयो । "प्राङ्गारिक तोरीको तेललाई गाउँपालिकाको पहिचानको रूपमा स्थापित गर्ने लक्ष्यसमेत लिइएको छ । हामीले युवापुस्तालाई आफ्नै गाउँमा स्वरोजगार बनाउन अभियान शुरु गरेका छौँ", उहाँले भन्नुभयो, "निर्वाहमुखी कृषि प्रणालीलाई उत्पादनसँग जोडेर कृषकको आयआर्जन वृद्धि गर्दै गरिबी घटाउने गाउँपालिकाको योजना हो।"

अनुदान कार्यक्रमका लागि गाउँपालिकाले तोरी खेती सूचीकरण फारमदेखि निवेदनको ढाँचासमेत तयार पारेको छ। उक्त फाराममा किसानको नाम, ठेगाना, कित्ता नम्बर, खेती गरिएको जमिनको क्षेत्रफल उल्लेख गर्नुपर्ने छ। रासस

# ओटिसी बजारमा ८४ कम्पनीका दुई करोडभन्दा बढी कित्ता शेयर किनबेच

काठमाण्डु । गत आर्थिक वर्ष २०७९/८० मा ओभर द काउन्टर (ओटिसी) बजारमा विभिन्न ८४ कम्पनीको दुई करोड १२ लाख ६४ कित्ता शेयर कारोबार भएको छ।

नेपाल स्टक एक्सचेन्ज (नेप्से) ले जारी गरेको गत आर्थिक वर्षमा ओटिसी बजारमा भएको कारोबारको विरणअनुसार हालसम्म ओटिसी बजारमा कारोबारका लागि हालसम्म दर्ता भएका कम्पनीको सङ्ख्या दुई सय छ वटा छ।

दर्ता भएका कम्पनीमध्ये गत आर्थिक वर्ष ८४ वटा कम्पनीको शेयर रू दुई अर्ब ८५ करोड ८४ लाख १९ हजार आठ सय ८६ बराबरको कारोबार भएको हो । ओटिसी बजारमा भएको कारोबारबाट गतवर्ष रू पाँच करोड २९ लाख ५५ हजार नौ सय ८० बराबरको पुँजीगत लाभकर प्राप्त भएको पनि नेप्सेले जनाएको छ। ओटिसी बजारमा काठमाडौँ फरेस्ट्री कलेजको सबैभन्दा धेरै प्रतिकित्ता रू एक हजार एक सय २५ मा दुई हजार दुई सय २२ कित्ता शेयर खरिदबिक्री भएको छ।

ओटिसी बजारमा शेयर कारोबार भएका अधिकांश कम्पनीको शेयर मूल्य प्रतिकित्ता रु एक सयका दरले किनबेच भएको देखिन्छ । नेपाल स्टक एक्सचेञ्जले ओटिसी बजारको अवधारणा विकास गरी २०६४ सालदेखि सञ्चालनमा ल्याएको थियो।

नेपाल स्टक एक्सचेञ्जमा सूचीकरण नभएका, सूचीकरण खारेज भएका तथा सूचीकरणका लागि आवश्यक शर्त पूरा हुन नसेका पब्लिक कम्पनीको शेयर कारोबार तथा नामसारी नेप्सेले ओटिसी बजारमार्फत् गर्दै आएको छ। रासस

# नेप्से परिसूचकमा मंगलबार पनि उच्च अङ्कको गिरावट

काठमाण्डु । नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीति सार्वजनिक गरेको दिन आइतबार उच्च अङ्कले बढेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सोमबार र मङ्गलबार भने घटेको छ। सोमबार २६ अङ्कले घटेको नेप्से परिसूचक मंगलबार ३६ दशमलव १९ अङ्कले ओरालो लागेर दुई हजार एक सय ६४ दशमलव ३१ विन्दुमा सीमित भएको छ।

मंगलबार विभिन्न कम्पनी दुई सय ६७ वटा कम्पनीका ७७ लाख १६ हजार दुई सय ७७ कित्ता शेयर ५३ हजार पाँच सय ७० पटक खरिदबिक्री हुँदा रु दुई अर्ब ९१ करोड सात लाख ३२ हजार चार सय १८ बराबरको कारोबार भएको छ।

मंगलबार होटल तथा पर्यटन समूहको उपसूचक ७२ दशमलव ३० अङ्कले बढेको छ भने बाँकी सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा धेरै जीवन बीमा समूह एक सय ७६ दशमलव ४४ र निर्जीवन बीमा समूह एक सय ११ दशमलव १८ अङ्कले घटेको छ।



त्यस्तै, बैङ्किङ ३७ दशमलव २४, विकास बैंक ८६ दशमलव १३, वित्त ३६ दशमलव ५२, जलविद्युत् २६ दशमलव ६३ र लगानी समूह एक दशमलव ०२ अङ्कले घटेको छ। उत्पादन तथा प्रशोधन समूह १३ दशमलव ३४, लघुवित्त ३६ दशमलव ४९, म्युचुअल फन्ड शून्य दशमलव १०, व्यापार तीन दशमलव ८७ र अन्य समूह २७ दशमलव ९९ अङ्कले घटेको छ।

मंगलबार किसान लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा भने नबिल डिबेन्चर-२०८५ को मूल्य ६ दशमलव ८७ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै सोल्टी होटल लिमिटेडको रु १५ करोड २७ लाख ७९ हजार ७४ बराबरको शेयर कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै कुमारी बैंक लिमिटेडको चार लाख १८ हजार दुइ सय आठ कित्ता शेयर किनबेच भएको छ। रासस

# विद्यालयमा विद्यार्थीको अभाव

टुडे समाचारदाता

वीरगञ्ज । वीरगञ्जको वडा नम्वर २४ र २८ मा रहेको प्राविधिक विद्यालयमा विद्यार्थी अभाव हुँदा कठिनाइ आएको भन्दै विद्यार्थी पठाएर सहयोग गर्न महानगरले जिल्लाका सबै पालिका प्रमुखसँग आग्रह गरेको छ।



महानगरपालिकाले मङ्गलबार पर्साका सबै पालिकाका प्रमुखसँग अन्तरक्रिया गर्दै प्राविधिक शिक्षा अहिलेको आवश्यकता भएकाले प्राविधिक शिक्षा अध्ययन गर्न चाहने पालिकाका विद्यार्थीलाई सम्बन्धित विद्यालयमा आउने वातावरण बनाइदिन आह्वान गरेको छ।

महानगरका मेयर राजेशमान सिंहले प्राविधिक शिक्षा आजको आवश्यकता भएकाले सबै पालिकाले प्राविधिक शिक्षा अध्ययनका लागि विद्यार्थीलाई प्रेरित गर्नुपर्नेमा जोड दिए।

वीरगञ्जको वडा नम्वर २४ रामगढवामा रहेको सारदा प्राविधिक माध्यमिक विद्यालयमा कृषि र पशु विज्ञानको अध्ययन हुने गरेको छ भने वडा नम्वर २८ सोलकपुरमा पशु विज्ञानको अध्यापन हुने गरेको छ।

सिटिइभिटीबाट सम्बन्धन प्राप्त गरी १८ महिने जेटिए, तीन वर्षे आइएससी (एजी) र भेटेनरी (पशु रोगको चिकित्सा वा उपचारसम्बन्धी) शिक्षा पठनपाठन हुँदै आएको छ । विद्यालयमा उक्त विषयको पठन पाठन निःशुल्क हुने भए पनि पर्सा जिल्लाका विद्यार्थीको उपस्थिति ज्यादै न्यून रहेको शारदा माध्यमिक विद्यालयका प्रधानाध्यापक विनोद मेहताले बताए।

सबै विषय अध्ययनका लागि सिटिइभिटीले ४०/४० जनाको सिट संख्या तोकेको छ। तर तोकिएको सिट संख्या बमोजिम अहिले विद्यालयले विद्यार्थी पाउन सकेको छैन।

ठोरी गाउँपालिकाका प्रमुख लालबहादुर श्रेष्ठले ठोरीमा पशु शिक्षाको अध्ययन भइरहेको भन्दै कृषि शिक्षा अध्ययनका लागि आफ्नो ठाउँबाट विद्यार्थी पठाउने व्यवस्था मिलाउने प्रतिबद्धता जनाए।

पर्सागढी नगरपालिकाका मेयर गोकर्ण पाठकले देश कृषि प्रधान भनिए तापनि कृषिलाई पेशा र व्यवसाय बनाउन नसकिएको भन्दै अब स्थानीय सरकारले नीतिगत रुपमा नै लगानी गरेर कृषि क्षेत्र सुधार गर्नुपर्ने धारणा व्यक्त गरे।

कृषि उत्पादन वृद्धिका लागि कृषि प्राविधिक जनशक्तिको खाँचो रहेको भन्दै उनले वीरगञ्ज महानगरपालिकाको विद्यालयमा अध्यापन हुँदै आएको कृषि विज्ञान र पशु विज्ञान अध्ययनका लागि आफूहरुले विद्यार्थी उपलब्ध गराउने बताए।

बैठकमा पोखरीया नगरपालिकाका मेयर प्रद्युमन प्रसाद चौहान, बहुदरमाइ नगरपालिकाका मेयर सिंहासन साह, कालिकामाइगाउँपालिकाका अध्यक्ष वशिष्ठ कुमार गुप्ता, धोविनी गाउँपालिकाका अध्यक्ष मदन प्रसाद चौहान, पकाहामैनपुर गाउँपालिकाकी उपाध्यक्ष सरफुन नेशा, वीरगञ्ज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद पौडेललगायतको सहभागिता रहेको थियो।

# 'प्रदेशमा पर्यटनको प्रचुर सम्भावना'

टुडे समाचारदाता

बर्दिबास । नेकपा एमालेका सचिव योगेश भट्टराइले मधेश प्रदेशमा पर्यटनको प्रचुर सम्भावना रहेको बताएका छन्।



मंगलबार पूर्व संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीसमेत रहेका भट्टराइले भने 'सांस्कृतिक हिसाबले मधेश एकदमै अग्रसर छ,मधेशलाई जसरी पर्यटनको हिसाबले विकास गर्नुपर्ने थियो । त्यसरी गर्न सकिएन।'

उनले नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (नाथम) बर्दिबास महोत्तरीको निरीक्षणका क्रममा सो कुरा बताउँदै कलेजको महत्वलाई यहाँका जनप्रतिनिधिले पनि गम्भीरताका साथ लिनुपर्नेमा जोड दिए।

कलेजबाट उत्पादन जनशक्तिको भविष्य उज्ज्वल रहेको बताउँदै होटेल म्यानेजमेन्टका लागि नाथम कलेज एसियामै उत्कृष्ट रहेको समेत नेता भट्टराईले दाबी गरे।

कलेज निरीक्षणका लागि पुगेका भट्टराईसहितका नेताहरूलाई नाथम बर्दिबासका प्रमुख शिवेन्द्र मल्लिकले कलेजलाई थप व्यवस्थित बनाउनका लागि पहल गरिदिन आग्रह गरे।

निरीक्षणको क्रममा नेता भट्टराईसँगै नेकपा एमालेका मधेश प्रदेशका संसदीय दलका नेता सरोजकुमार यादव, प्रदेशसभा सदस्य शारदादेवी थापा, एमालेका मधेश प्रदेशका प्रचार विभाग प्रमुख सोमप्रसाद शर्मा, प्रदेश सचिवालय सदस्य शङ्कर महतोलगायत स्थानीय जनप्रतिनिधिहरू सहभागी थिए।

# सवा महिनामा १ करोड बढी राजस्व संकलन

सिकेन्द्र पासवान

बारा । मालपोत कार्यालय सिम्रौनगढले १ महिना ७ दिनमा १ करोड ४७ लाख १६ हजार ५ सय १५ रुपैयाँ ६६ पैसा राजस्व संकलन गरेको छ।




जेठ महिनाको २३ गतेबाट सेवा सुरु गरेको मालपोतले साउन १ गतेसम्म राजिष्ट्रेसन दस्तुर ८४ लाख ५२ हजार, ३ सय ४८ रुपैयाँ ५० पैसा, लाभकरबाट ६० लाख १८ हजार ६ सय ५२ रुपैयाँ १६ पैसा, नामसारीबाट ७३ हजार ७ सय रोक्का १ लाख ७१ ह्जार ५ सय १५ रुपैयाँ, रोक्का दस्तुरबाट १ लाख ७१ ह्जार ८ सय १५ रुपैयाँ राजस्व संकलन भएको मालपोत कार्यालय सिम्रौनगढका प्रमुख कौशल किशोर झाले जानकारी दिए।

लेखत ६ सय ५, नामसारी ४७, दाखिल खारेज १८,संशोधन ६, लिजमा वियोपी बैनौलीलाई ३० वर्षका लागि जग्गा पासलगायतका कामकाज गरी आदर्श कोतवाल गाउँपालिका, सिम्रौनगढ नगरपालिका र पचरौता नगरपालिकाको सावित अमरपटी गाविस छोडी बाँकी सबै वडाका जनताहरुलाई प्रभावकारी रुपमा सेवा प्रदान गरिरहेको प्रमुख झाले बताए।

एकल महिला, जेष्ठ नागरिक, महिला, अपाङताहरुका लागि १० लाख ९६ हजार २३ रुपैयाँ ९६ पैसा छुट दिएको छ।

कार्यालयमा कर्मचारी अभाव भए पनि मालपोत कार्यालय सिम्रौनगढ भए जतिकै कर्मचारीहरुलाई परिचालन गरी प्रभावकारी रुपमा सेवा दिइरहेको हुँदा यस क्षेत्रका राजनीतिक दल, आम नागरिक, लेखापढी व्यवसायीहरु, पत्रकार, प्रहरी प्रशासनको सहयोग पाइरहेको हुँदा सानो समयमा लक्ष्य भन्दा बढी राजस्व संकलन गर्न सफल भएको बताइएको छ ।

नासु ३ जना, खरिदार ५ जना, कार्यालय सहयोगी ५ जना, लेखापाल १ जनाको दरबन्दी रहे पनि यहाँ कार्यालय प्रमुखसहित नासु २ जना, खरिदार २ जना, कार्यालय सहयोगी ३ जना र एक जना लेखापाल रहेको भन्दै अझै प्रभावकारी सेवा प्रदान गर्नका लागि बाँकी कर्मचारी पठाइ दिनका लागि सरोकारबाला निकायको ध्यान दिन आग्रह गरिएको छ।

उठेको राजस्वबाट गाउँपालिका, नगरपालिकामा ६० प्रतिशत, प्रदेश सरकारलाई ४० प्रतिशत रकम बुझाउनुपर्दछ भने लाभकर भने संघीय सरकारलाई पठाउनुपर्ने जनाइएको छ।

लामो प्रतिक्षापछि सिम्रौनगढमा मालपोत कार्यालय खुली सेवा शुरु भएकोमा आदर्श कोतवाल गाँउपालिका वडा नम्बर ५ टेढाकटीका सेवाग्राही सुगान्धी मण्डलले खुशीसमेत व्यक्त गरेकी छन्।

# अधिकांश क्लिनिक र ल्याब अवैध

टुडे समाचारदाता

राजविराज । संयुक्त बजार अनुगमन टोलीले राजविराजका औषधि पसल, ल्याब र क्लिनिकमा अनुगमन गरेका छन्।



प्रमुख जिल्ला अधिकारी (सिडिओ) भूपेन्द्र थापा नेतृत्वको टोलीले अनुगमन गर्दा यहाँका अधिकांश ल्याब र क्लिनिकहरु अनुमति नै नलिइ सञ्चालनमा रहेको पाइएको छ।

नियम विपरीत सञ्चालित ती ल्याब र क्लिनिकहरुमा ताल्चा लगाइ कानुनी प्रक्रिया अघि बढाइएको सिडिओ थापाले बताए।

टोलीमा सप्तरीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक नरेन्द्रकुमार कार्की, कर कार्यालयका प्रमुख, नगरपालिकाका अधिकृत, स्वास्थ्य कार्यालयका प्रमुख लगायतको उपस्थिति थियो।

त्यस्तै, सिरहामा पनि फार्मेसीको अनुगमन सुरु गरिएको छ।

औषधि र औषधिजन्य वस्तुको सहीरुपमा उपभोगका साथै फार्मेसीबाट बिक्री वितरण हुने औषधिको गुणस्तरबारे जानकारी लिनका अनुगमन अघि बढाइएको जनाइएको छ।

टोलीले सदरमुकाम सिरहादेखि माडरसम्म रहेका करीब १२ औषधि पसलमा अनुगमन गरेको छ।

फार्मेसीको निरीक्षणपछि सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी आनन्द पौडेलले फार्मेसीको निरीक्षण र अनुगमनको काम भइरहेको र यसलाई निरन्तरता दिइने बताए।

फार्मेसीको प्रभावकारी अनुगमन गरी प्रक्रिया नपुऱ्याइ सञ्चालन भएका, म्याद गुज्रिएका औषधि बिक्री वितरण गरेको पाइएमा कारबाहीको भागिदार हुने उनले बताए।

अनुगमनको डरले बन्द रहेका फार्मेसीले एक न एक दिन फेला पार्ने र गरेको गैरकानुनी कामलाई कारबाहीको दायरामा ल्याउने उनले थपे।

स्वास्थ्य कार्यालय सिरहाका प्रमुख कृष्ण देव यादव ,जिल्ला प्रहरी कार्यालय सिरहाबाट प्रहरी निरीक्षक शंकर प्रसाद चौधरीलगायतको सहभागिता रहेको थियो।

त्यस्तै, मलंगवाका निजी क्लिनिक तथा औषधि पसलहरुको अनुगमनका क्रममा चार वटा कारबाहीमा परेका छन्।

सर्लाहीको सदरमुकाम मलंगवामा संचालनमा रहेका औषधि पसल तथा निजी क्लिनिकहरुको अनुगमन गरिएको छ।

नेपाल सरकारको गृह मन्त्रालय अन्तर्गत शान्ति सुरक्षा तथा अपराध शाखाको लिखित आदेश अनुसार प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव नेतृत्वको टोलीले कानुन बमोजिम दर्ता रहेका तथा कानुन विपरीत दर्ता नभइ संचालनमा रहेका निजी क्लिनिक तथा औषधि पसलहरुको अनुगमन गरेको छ।

मलंगवा बजार क्षेत्रमा संचालित ९ वटा निजी क्लिनिक र औषधि पसलहरुको चेकजाँच गर्दा अवैधानिक रुपमा संचालन भएका ३ वटा निजी क्लिनिक तथा १ वटा मेडिकल(औषध पसल)हरु कारबाहीमा परेका छन्।

अनुगमनको क्रममा मलंगवा न.पा वडा न-९ मा रहेको चन्द्रकान्त मेडिकलले बिल बिजक नराखी संचालन गरेको फेला पारेकोले उक्त मेडिकलका संचालकलाई नगद ५ हजार रुपैयाँ जरिवाना गरिएको छ, भने वडा न-८ मा अवैधानिक रुपमा संचालनमा रहेका भवानी पोलिक्लिक डाइग्नोष्टिक सेन्टर प्रा.लि,कान्तिपुर डेन्टल एवं क्लिनिक प्रा.लि र अंजनी हेल्थ केयर अल्ट्रासाउण्ड सेन्टरका संचालकहरुलाई नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय मलंगवाको हिरासतमा पठाएको जिप्रका सर्लाहीले जनाएको छ।

दर्ता नभइ कानुन विपरीत संचालनमा रहेका निजी क्लिनिक तथा औषधि पसलहरुका कारण मानवीय क्षतिसमेत भएको भन्ने समाचारहरु विभिन्न सञ्चारमाध्यमहरुबाट आउने गरेकाले यस विषयमा विद्यमान ऐन,कानुन अनुसार संचालन भए नभएको सम्बन्धमा अनुगमन निरीक्षण गरी सोको प्रतिवेदनसमेत पेश गर्न साथै कानुन विपरीत संचालन भइरहेका त्यस्ता क्लिनिक तथा मेडिकलका संचालकहरुलाई कानुनको पालना गराउन भनि गृह मन्त्रालयबाट प्राप्त निर्देशन अनुसार अनुगमन निरीक्षण गरिएको सिडिओ यादवले बताए।

# हिरासतमै महिलाको मृत्यु घट्ना शंकास्पद

टुडे समाचारदाता

मलंगवा । जिल्ला प्रहरी कार्यालय मलंगवाको हिरासतमा रहेकी चक्रघट्टा गाउँपालिका-८ औरहीकी हजरत खातुनको मृत्युमा विभिन्न टिकाटिप्पणी भइरहेको छ।

प्रहरीले सलले घाँटीमा पासो लगाएको अवस्थामा देखेपछि तत्काल उद्धार गरी उपचार गर्दा गर्दै ४० वर्षीया खातुनको मृत्यु भएको जनाएको छ भने महिला अधिकारकर्मीहरुले मृत्यु घटना शंकास्पद रहेको भन्दै निश्पक्ष छानबिन हुनुपर्ने माग गरिरहेका छन्।

घटना भएका बखत जिल्ला प्रहरी कार्यालय मलंगवाका निमित्त प्रमुख प्रहरी नायब उपरीक्षक दीपेन्द्र पंजियारले थुनामा राखेको कोठमासँगै रहेको सौचालयको ढोकामा सलको पासो लगाएर झुण्डिएको अवस्थामा बिहीबार राति १० बजेतिर देखेपछि खातुनलाई तत्काल उद्धार गरी उपचारका लागि नजिकैको प्रादेशिक अस्पताल लगिएको दाबी गरेका छन्। अस्पतालमा उपचार हुँदै गर्दा राति ११ बजे चिकित्सकले मृत घोषणा गरेको प्रहरी नायव उपरीक्षक पंजियारले जानकारी दिए।

यता महिला अधिकारकर्मी बनिता कार्कीले भने प्रहरी हिरासतमा रहेकी महिलाले आत्महत्या गरेको भनिए पनि घटना शंकास्पद रहेको दाबी गरिन्।

'कानबाट रगत बगेको छ, पेटमा निलडाम जस्तो देखिएको छ', कार्कीले यो पंक्तिकारसँग भनिन्, 'त्यसैले मृत्यु घटना शंकास्पद छ, निश्पक्ष अनुसन्धान गर्नुपर्छ, पत्रकारहरुले पनि निश्पक्ष भएर लेख्नुपर्छ।'

## प्रहरीको सीसीक्यामेरामा कैद भएको दृश्य




प्रहरीले खातुनले आत्महत्या नै गरेको दाबी गरेको छ । जिल्ला प्रहरी कार्यालय मलंगवाको महिला थुनुवा कक्षको सीसी क्यामेराको रेकर्ड हेर्दा उक्त राति थुनुवा खातुन हिरासत कक्षको सुरक्षार्थ खटिएकी महिला सुरक्षाकर्मीसँग कुरा गर्दै गरेको देखिन्छ । कुरा गर्दा गर्दै उनले डण्डीको बारको ढोकाको छेउमा बाहिरपट्टी राखेको सललाई बिस्तारै खुझ्चाले तानेर आफ्नो नियन्त्रणमा लिएकी छन्।

त्यसपछि उनी शौचालय भित्र पसेको देखिन्छ । अनि महिला सुरक्षाकर्मी केही पर गएपछि क्यामेरामा उनलाई देखिँदैन भने खातुनले पनि सुरक्षाकर्मी भए नभएको ढोका छेउमा आएर हेर्छिन्। नजिकै कोही सुरक्षाकर्मी नभएको मौका पारेर पुनः शौचालय छिरेकी देखिन्छ । खातुन धेरैबेर बाहिर ननिस्केपछि ढोकाबाट चियाएर हेर्दा सुरक्षाकर्मीले केही देखे जस्तो गरेर हेर्नलाई अरु सुरक्षाकर्मीलाई बोलाएको जस्तो देखिन्छ । केही क्षणपछि शौचालयभित्रबाट खातुनलाई उद्धार गरी उपचारका लागि अस्पताल लइजान सुरक्षाकर्मीहरुले बाहिर निकालेका छन्। प्रनाउ पंजियारका अनुसार खातुनले बाहिरबाट तान्न सफल सल उनकै भएको र थुनुवा कक्ष सुरक्षार्थ खटिएका सुरक्षाकमर्मीले नियन्त्रणमा लिएर डण्डीको बार छेउमै राखेका थिए।

उनलाई शारीरिक वा अन्य कुनै पनि खालको यातना नदिइएको प्रनाउ पंजियारको दाबी छ। 'भन्सारले पठाएकाले हामीले हिरासतमा राखेका हौं', पंजियारले उल्टै प्रतिप्रश्न गर्दै भने, 'हामीले कहिल्यै नचिनेको अनि कुनै पनि एंगलले टच नभएको उनलाई किन त्यस्तो घटना गराउँथ्यौं होला र ?' सदरमुकाम मलंगवा स्थित प्रादेशिक अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा. नवलकिशोर झाले पोष्टमार्टम रिपोर्ट अनुसार खातुनको मृत्युको कारण 'ह्याङ्गिङ' नै भएको जानकारी दिए।

## को हुन् खातुन

चक्रघट्टा गाउँपालिका-८ औरहीको मोहम्मद तसबीर अन्सारीकी श्रीमती हुन् खातुन्। अन्सारी दम्पत्तिका ५ छोरा छन् । वैदेशिक रोजगारीका सिलसिलामा कतार रहेका तसबीर गत वैशाख १२ गते विदामा घर आएका थिए। उनका जेठा छोरा पनि कतारमै एउटै कम्पनीमा काम गर्छन्। अन्सारीका माइलो छोरा काठमाण्डुमा काम गर्ने गरेको तथा घरमा श्रीमतीसहित जेठी बुहारी र ३ वटा छोराहरु बस्ने गरेका थिए।

५ महिने विदामा आएका तसबीरले श्रीमती खातुन गाउँकै रामकेवल रायसँग अनैतिक सम्बन्धमा रहेको गाउँभरि हल्ला चलेको सुनेपछि स्थानीय औरही प्रहरी चौकीमा निवेदन दिएका थिए।

## रामकेबल कारागार चलान

यता खातुनसँगै पक्राउ परेका रामकेबललाई भने सिन्धुली कारागार चलान गरिएको छ । भन्सार कार्यालयले तोकेको २ लाख ५२ हजार धरौटी रकम बुझाउन नसकेपछि रामकेबललाई कारागार चलान गरिएको प्रनाउ पंजियारले जानकारी दिए । करीब ४० वर्षीय रामकेबल पनि विवाहित पुरुष छन्।

# माटोको उर्वराशक्ति कमजोर

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिकाभित्रका खेतीयोग्य माटोको उर्वराशक्ति कमजोर बन्दै गएको छ।



प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ मधेश प्रदेशले मिथिला नगरपालिका कृषि शाखाको समन्वयमा शिविर सञ्चालन गरेर माटोको परीक्षण गर्दा सो तथ्य बाहिरिएको छ ।

तीन दिनसम्म चलेको उक्त शिविरमा तीन सय ३७ स्थानको माटोको परीक्षण गरिएको छ।

माटो परीक्षणको नतिजा अनुसार नगरपालिकाभित्रका खेतीयोग्य ६५ प्रतिशत माटोको उर्वराशक्ति कमजोर अवस्थामा रहेको माटो तथा मल परीक्षण प्रयोगशाला मधेश प्रदेशका प्रमुख सुनिल सिंहले बताए।

'किसानका खेतबारीबाट माटो ल्याएर परीक्षण गर्दा माटोमा अम्लीयपनमा एकरुपता देखिएन । सामान्यता माटोमा पिएचको मात्रा छ दशमलव पाँचदेखि सात दशमलव पाँचसम्मलाई उत्पादनका लागि उपयुक्त मानिन्छ । तर, यहाँ चार दशमलव पाँचदेखि आठ दशमलव पाँच पिएचसम्म देखियो । उल्लेखित मात्राभन्दा तल भए खराब र बढी भए पनि बिग्रिएको मानिन्छ'उनले बताए।

रासायनिक मल तथा विषादीको बढ्दो प्रयोग एवम् बालि चक्र नअपनाउने जस्ता कारणले माटोमा अम्लीयपना घटबढ हुन गइ उर्वराशक्तिमा ह्रास आउने गरेको प्रमुख सिंहको भनाइ छ।

माटोमा उर्वराशक्ति कमजोर हुनु चिन्ताको विषय भएको उनले बताए।

उनले माटोमा सुधार ल्याउन प्राङ्गारिक मल, कृषि चुन र ढैंचा मलको प्रयोग बढाउन मिथिला नगरपालिकाका नगरप्रमुख महेन्द्र महतो र उपप्रमुख सुनीतासिंह बुढाथोकीलाई सुझाव दिए।

प्रमुख सिंहले किसान पनि जागरुक बनाउँदै माटोको अवस्था हेरेर एक रोपनीमा ३५ देखि ७० किलोका दरले कृषि चुन प्रयोग गर्न सकिने बताए।

मिथिला नगरपालिका कृषि शाखाका प्राविधिक उमेश महतोले अहिलेको माटोको परीक्षणबाट आएको नतिजा अनुसार अन्नबाली उत्पादनमा कमी आउने जनाइएको छ।

किसानले धान, मकै, गुहँलगायत तरकारी बालीको उत्पादनमा बढाउन बिना मापदण्ड युरिया र डिएपीलगायतका मलसँगै कीटनाशक औषधीको प्रयोग गर्नाले माटोको अवस्था बिग्रिएको छ।

परीक्षणपछि आवश्यक मात्रामा मलको प्रयोग गर्दा माटोलाई चाहिने आवश्यक तत्व परिपूर्ति हुनुका साथै माटोको उर्वराशक्ति कमजोर हुनबाट बचाउन सकिने उहाँले जानकारी दिए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८